# लेखापरीक्षण प्रतिवेदन

## इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**

**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/414

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

इन्द्रावती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्रासी र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२७ लाख ६० हजार र सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५ करोड ३० लाख ५२ हजार समेत गरी रु.१५ करोड ५८ लाख २५ हजार समावेश गरेको छैन।

२. गाँउपालिकाको रु.१ अर्ब ८० करोड २७ लाख ५९ हजार लेखापरीक्षण गरिएकोमा रु. ८ करोड १५ लाख १५ हजार बेरुजू देखिएकोमा रु. ५ करोड ५१ लाख २२ हजारको प्रतिक्रियाबाट फस्यौंट भएकोमा बाँकी बेरुजु रु.२ करोड ६३ लाख ९३ हजार रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु. ५७ लाख ६१ हजार, प्रमाण कागजात पेश गर्नुपर्नेमा रु.४६ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४९ लाख ४२ हजार, शोधभर्ना नलिएको रु. ५ लाख ९५ हजार र पेस्की रु.३ लाख ९९ हजार बाँकी रहेको छ। पालिकाको गत वर्ष सम्म रु.२७ करोड ७३ लाख ५७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२९ करोड २३ लाख ४१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने इन्द्रावती गाँउपालिकासँग हामी स्वतन्त्र छौं।त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य वेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ।त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी इन्द्रावती गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६० | १७६ | ८,१५,१५,१९२ | ० | ६१ | ५,५१,२१,७६४ | ० | ६० | ११५ | २,६३,९३,४२८ | ५७,६१,४१८ | १,४९,४१,९७० | ४६,९५,८४४ | ० | ५,९५,००० | २,०२,३२,८१४ | ३,९९,२०० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | २७,७३,५७,००० | 0 | १,१४,०९,५२४ | २६,५९,४७,४७६ | 0 | २,६३,९३,४२८ | २९,२३,४०,९०४ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ४३ | निशुल्क पाठ्यपुस्तक | ८४४ |
| २ | २०७७/७८ | ४४ | शिक्षक तलब बढी निकासा | ७५,९८० |
| ३ | २०७९/८० | ५० | असुली गर्न बाँकी आन्तरिक आय | १,१३,३२,७०० |
| ४ | २०८०/८१ | ३१ | वैठक भत्ता | ६२,९०० |
| ५ | २०८०/८१ | ३६ | वितरण भर्पाइ | १,३७,४०० |
| ६ | २०८०/८१ | २१ | लक्षित वर्ग कार्यक्रम | २६,५१४ |
| ७ | २०८०/८१ | २० | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ६४,६३६ |
| ८ | २०८०/८१ | ५८ | बिमा खर्च | ४८,९५५ |
| ९ | २०८०/८१ | २८ | बढि भुक्तानी | ८,९५८ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८०/८१ | २४ | पदाधिकारी यातायात खर्च | ५,०४,००० |
| ११ | २०८०/८१ | १६ | दाखिलाको प्रमाण पेश हुनुपर्ने | १,४९,९९६ |
| १२ | २०८०/८१ | ४१ | जिल्ला दररेट | ८,१०० |
| १३ | २०८०/८१ | ५४ | कार्य सम्पन्न प्रतिवेदन | १,९९,६३४ |
| १४ | २०८०/८१ | ४७.४ | कर संकलन तथा राजस्व | ५,२१,८४,०४८ |
| १५ | २०८०/८१ | ६४.३ | सामाजिक सुरक्षा | १४,८७,६८८ |
| १६ | २०८०/८१ | ६१ | शिक्षातर्फ | २,११,७३४ |
| १७ | २०८०/८१ | ६०.४ | शिक्षा | २१,२५० |
| १८ | २०८०/८१ | ३४ | स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रम | ५,९५० |
| जम्मा | | | | ६,६५,३१,२८८ |

# (८०३२७५०१३०० - इन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक )

# परिचय

१ **परिचय**

**(क) परिचयः-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडारहेको छ भने क्षेत्रफल १०५.११ वर्ग किलोमिटर तथा २५,३६५जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.१ अर्ब ८० करोड २७ लाख ५९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **लेखापरीक्षण**

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य

विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

३ **स्थानीय सञ्चित कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० निम्न बमोजिम रहेको छः

## प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन

| क.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.व.को कारोबार | | | गत आ.व. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०,१६,८१,६७९.२९ | ० | १०,१६,८१,६७९.२९ | ५,५९,४९,८२७.९० | ० | ५,५९,४९,८२७.९० |
| १३००० | अनुदान | | ४४,७६,७५,२०३.३६ | ० | ४४,७६,७५,२०३.३६ | ५२,३३,७१,२७७.०० | ० | ५२,३३,७१,२७७.०० |
| १४००० | अन्य राजस्व | | १३,९१,००,२८२.५१ | ० | १३,९१,००,२८२.५१ | १४,०६,२९,०७४.०० | ० | १४,०६,२९,०७४.०० |
| क | **कुल जम्मा प्राप्ति** | | ६८,८४,५७,१६५.१६ | | ६८,८४,५७,१६५.१६ | ७१,९९,५०,१७८.९० | | ७१,९९,५०,१७८.९० |
| ३ | चालु | | ४२,१४,९०,२१९.३५ | ० | ४२,१४,९०,२१९.३५ | ४२,२६,५९,५९३.०० | ० | ४२,२६,५९,५९३.०० |
| २१००० | पारिश्रमिक / सुविधा | | २७,५९,५६,२६२.०० | ० | २७,५९,५६,२६२.०० | २६,५१,३४,९१८.०० | ० | २६,५१,३४,९१८.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १३,७७,५१,०२२.३५ | ० | १३,७७,५१,०२२.३५ | १५,६०,५६,१०७.०० | ० | १५,६०,५६,१०७.०० |
| २५००० | सहायता (Subsidy) | | १२,७२,५२४.०० | ० | १२,७२,५२४.०० | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | | ४९,४९,३३४.०० | ० | ४९,४९,३३४.०० | ५०,०००.०० | ० | ५०,०००.०० |
| २८००० | अन्य खर्च | | १५,६१,०७७.०० | ० | १५,६१,०७७.०० | १४,१८,५६८.०० | ० | १४,१८,५६८.०० |
| ४ | पूंजीगत | | २७,८९,०४,३८७.०० | ० | २७,८९,०४,३८७.०० | ३८,७५,४०,२९१.०० | ० | ३८,७५,४०,२९१.०० |
| ३१११० | भवन तथा संरचना | | ३,४२,२३,८२०.०० | ० | ३,४२,२३,८२०.०० | २,४९,८५,५०८.०० | ० | २,४९,८५,५०८.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ८५,७२,६५६.०० | ० | ८५,७२,६५६.०० | १,८६,९६,४६२.०० | ० | १,८६,९६,४६२.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३६,७१,६२९.०० | ० | ३६,७१,६२९.०० | २७,९६,९३२.०० | ० | २७,९६,९३२.०० |
| ३११५० | सार्वजनिक निर्माण | | २३,२२,४४,२८२.०० | ० | २३,२२,४४,२८२.०० | ३४,१०,६१,३८९.०० | ० | ३४,१०,६१,३८९.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,९२,०००.०० | ० | १,९२,०००.०० | ० | ० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ७०,०३,९४,६०६.३५ | | ७०,०३,९४,६०६.३५ | ८१,०१,९९,८८४.०० | | ८१,०१,९९,८८४.०० |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (१,१९,३७,४४१.१९) | | (१,१९,३७,४४१.१९) | (९,०२,४९,७०५.१०) | | (९,०२,४९,७०५.१०) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | | (१६,६५,१०२.००) | | (१६,६५,१०२.००) | (७,१६,९६२.००) | | (७,१६,९६२.००) |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | | | |
| ङ) | **यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत** | | (१,३६,०२,५४३.१९) | | (१,३६,०२,५४३.१९) | (९,०९,६६,६६७.१०) | | (९,०९,६६,६६७.१०) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | / (कमी)) ( ङ = ग+घ) | | | | | | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ४,९२,०५,९६१.७७ | | ४,९२,०५,९६१.७७ | १४,०१,७२,६२८.८७ | | १४,०१,७२,६२८.८७ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३,५६,०३,४१८.५८ | | ३,५६,०३,४१८.५८ | ४,९२,०५,९६१.७७ | | ४,९२,०५,९६१.७७ |

४ **एकिकृत आय-व्यय**

## एकिकृत आय-व्यय

| क.सं | विवरण | आय | कुल आय | क सं | विवरण | खर्च | कुल खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | अल्या | 29,808,838.00 | 29,808,838.00 | 1 | खर्च | | 700,394,606.00 |
| | | | | | गा पा चालु | 177,946,207.00 | |
| | | | | | गा पा पुँजिगत | 217,938,196.00 | |
| २ | अनुदान | | 733,425,859.00 | | संघीय सशर्त चालु | 233,529,746.00 | |
| | वित्तिय समानिकरण संघ | 128,340,000.00 | | | संघीय सशर्त पुँजिगत | 30,294,051.00 | |
| | संघीय सशर्त चालु | 248,548,000.00 | | | संघीय सशर्त समपुरक | 10,000,000.00 | |
| | संघीय सशर्त पुँजिगत | 33,916,000.00 | | | संघीय सशर्त विशेष अनुदान | 5,164,476.00 | |
| | समपुरक अनुदान | 10,000,000.00 | | | | | |
| | संघीय विशेष अनुदान | 5,500,000.00 | | | प्रदेश सशर्त चालु | 10,014,266.00 | |
| | प्रदेश समानिकरण | 14,825,000.00 | | | प्रदेश सशर्त पुँजिगत | 15,507,664.00 | |
| | प्रदेश सशर्त | 28,838,000.00 | | | प्रदेश सशर्त समपुरक | | |
| | प्रदेश समपुरक | | | | प्रदेश सशर्त विशेष | | |
| | प्रदेश विशेष अनुदान | | | | अनुदान फिर्ता | | 22,291,796.00 |
| | संघीय राजश्व बाडफाँड | 79,543,121.00 | | | संघिय शशर्त | 18,975,726.00 | |
| | प्रदेश राजश्व बाडफाँड | 26,081,314.00 | | | प्रदेश शशर्त | 3,316,070.00 | |
| | दहत्तर वहत्तर | 131,999,999.00 | | | कुल खर्च | 722,686,402.00 | |
| | आन्तरिक श्रोत | 25,834,425.00 | | | | | |
| | जम्मा रकम रु | | 763,234,697.00 | | | | |
| | | | | | जम्मा रकम रु | 763,234,697.00 | |
| ३ | सामाजिक सुरक्षा | | 153,065,000.00 | | सासु खर्च | 152,231,933.00 | |
| | | | | | सासु फिर्ता | 833,067.00 | |
| ४ | स्वास्थ्य क्षेत्र सुधार | | 2,760,000.00 | | खर्च | 2,760,000.00 | |
| ५ | धरौटी | | 17,498,263.00 | | धरौटी फीर्ता | 7,500,937.00 | |
| | | | | | बैंक मौज्दात | 40,548,295.00 | 50,545,621.00 |
| | कुल जम्मा रकम रु | | 936,557,960.00 | | धरौटी मौज्दात | 9,997,326.00 | |
| | | | | | कुल मौज्दात | 50,545,621.00 | |
| | पेश्कीको विवरण | **पेश्की विवरण** | | | | | |
| | गा.पा. चालु पेश्की | 369,200.00 | | | | | |
| | गा.पा. पुँजीगत पेश्की | - | | | | | |
| | कुल | - | | | | | |
| | जम्मा रकम रु | 936,557,960.00 | | | | कुल जम्मा | 936,557,960.00 |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **वित्तीय विवरण परीक्षण**

**वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम

७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

५.१ **बैंक मौज्दात** – पालिकाले तयार गरेको एकिकृत आय-व्यय विवरण बैंक मौज्दात रु. ५०५४५६२१।– रहेको छ । म.ले.फा.नं. २७०(१) अनुसार प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनमा रु. ३५६०६४१८.५८ देखिएकोले एकिकृत आयव्ययमा रु. १४०४२२०२.४२ बढी बैंक मौज्दात देखिएकोले यस सम्बन्धमा हिसाब मिलान हुनुपर्दछ ।

५.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु १५३०६५००० स्वास्थ्य क्षेत्र सुधार रु २७६०००० गरि रु. १५५८२५००० समेत सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **आय** | | **व्यय** | |
|---|---|---|---|
| **शिर्षक** | **रकम** | **शिर्षक** | **रकम** |
| गतवर्षको मौज्दात | २९८०८८३८ | चालुखर्च | ४४०४६५९४५ |
| संघीय अनुदान | ४२६३०४००० | पुँजिगतखर्च | २८२२२०४५७ |
| प्रदेश अनुदान | ४३६६३००० | अन्यखर्च | १७३३२३२६३ |
| राजस्व वाँडफाँड | १०५६२४४३५ | वाँकिमौज्दात | ४०५४८२९५ |
| आन्तरिक आम्दानी | १५७८३४४२४ | | |
| अन्य आम्दानी | १७३३२३२६३ | | |

५.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु २९८०८८३८ यस वर्षको प्राप्ति रु २९८०८८८३८ यस वर्षको भुक्तानी रु ७००३९४६०६ र बैङ्क मौज्दात रु ४०५४८२९५ रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ४९२०५९६१.७७ | ६८८४५७१६५.१६ | ७००३९४६०६.३५ | ३५६०३४१८.५८ |
| एकीकृत आर्थिक विवरणअनुसार | २९८८०८८३८.०० | ७३३४२५८५९.०० | ७००३९४६०६.०० | ४०५४८२९५.०० |
| फरक | २४९६०२८७६.२३ | ४४९६८६९३.८४ | ०.३५ | ४९४४८७६.४२ |

५.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान

समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १९६६८१३६ | १४४४२६३१ | ५२२५५०५ |
| चालु खर्च खाता | ४१५७९७ | १२९१२०७३ | १२४९६२७६ |
| पुँजीगत खर्च खाता | २०४६१३६२ | १३२१०८०४ | ७२५०५५८ |
| | **४०५३५५०८** | **४०५४८२९५** | १२७८७ |
| **जम्मा** | | | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

## ६ आन्तरिक नियन्त्रण प्रणाली

६.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसुची-२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वियन अवस्था कमजोर रहेको,

• रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य नभएको

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालीकाले सार्वजनिक सम्पतीहरुको अभिलेख राखेको छैन् ।

• खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको¸

• अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको¸

• सवारी मर्मतमा लागत अनुमान तयार नगरेको

• अधिकांश कार्यक्रम सञ्चालन पूर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको

• विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यममा पालिकाको तर्फबाट सचेतनामूलक सन्देश तथा शुभकामना प्रकाशन तथा प्रशारण बापतको बिल बमोजिम भुक्तानी भएकोमा सम्झौता/कार्यादेश संलग्न नरहेको ।

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मबाट समेत खरिद गर्ने गरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर ईन्द्रावती गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम**

७.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

**बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण,

साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७.२ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।१० मा रु ८५ करोड १० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र तोकिएको कार्यक्रम सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

**खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु १८,७६,४३,२६२।०० राजस्व बाँडफाँड र अनुदानबाट रु ५७,५५,९१,४३५।०० समेत ७६,३२,३४,६९७।०० आम्दानी भएकोमा चालु तर्फ रु४२,१४,९०,२१९।०० र पूँजिगत तर्फ रु २७,८९,०४,३८७।०० समेत रु ७६,३२,३४,६९७।००खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २४.५८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ९८,३७,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ५.२४प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४९.५२ प्रतिशत चालु र ३२.७७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

**वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु २७८९०४००० पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली बनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना बनाई खरिद कार्य गरेको देखियो ।

७.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता

आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल ३०३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ११३ | ४२ | ४७ | २४ |
| २ | वडास्तरीय | १९० | ० | १७ | १७३ |

उपर्युक्त विवरणअनुसार पालिकाले योजनाहरु सञ्चालन स-साना गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २९० योजनामात्र कार्यान्वियन भई १३ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजनामा तोकिएका सबै योजना कार्यान्वियन गर्नेतर्फ ध्यान दिनु पर्दछ।

७.४ **लक्ष्य प्रगति** - कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** | |
| **कार्यक्रम संख्या** | ६५३ | ६५ | १२ | - | ५७६ | |

७.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । रु हजारमा

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५०९१५ | ३३२२४ | ४.७४ |
| २ | पूर्वाधार विकास | २०२६३० | १७३४८७ | २४.७६ |
| ३ | सामाजिक विकास | ४०५६४१ | ३५९४६७ | ५१.३२ |
| ४ | बातावरण तथा विकास | ९३५० | ७२९४ | १.०६ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४८५५७ | २०८७८ | २.९८ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३४००२ | १०६०४२ | १५.१४ |
| **जम्मा** | | **८५१०९५** | **७००३९४** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५१.३२ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा १.०४ प्रतिशत रहेको छ ।

७.६

**त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। रु हजारमा

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | २७८९०४ | ४४८०३ | २३९७२ | २१०१२८ | ८९७९२ |
| प्रतिशत | ८४।४९ | १६।०६ | ८।६० | ७५.३४ | ३२।१९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. २७ करोड ८९ लाख ०४ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ४ करोड ४८ लाख ०३ हजार(१६।०६प्रतिशत), दोस्रो त्रैमासिकमा रु२ करोड ३९ लाख ७२ हजार(८.६०प्रतिशत) र तेस्रो त्रैमासिकमा रु ७ करोड ०२ लाख ३५ हजार (२५.१८प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ८ करोड ९७ लाख ९२ हजार(३२.१९प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ८ सम्पत्ति उपयोग र संरक्षण

८.१ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

८.२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

८.३ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

८.४ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था बारे माग भए बमोजिमको विवरण प्राप्त नभएको विश्लेषण गर्न सकिएन ।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | विवरण प्राप्त भएन |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | | ५९ | २४५०००००० | |
| उपकरण (रु.१ लाखभन्दा बढी) | | १२ | १९०००००० | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | ८ सवारि साधन | उल्लेख नभएको | |
| अतिक्रमणमा परेको जग्गा | | | | |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | |

## ९ संगठन तथा कर्मचारी व्यवस्थापन

९.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका मानिएका १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

९.२ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १८८९१८५७।- भुक्तानी गरेको पाइयो ।ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएको छैन।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| इन्जिनियर | १ | ५७७९५७ |
| सव इन्जिनियर | २ | ८५३५२० |
| एस सव इन्जिनियर | ५ | २०२४१२० |
| हे अ | ६ | २५६०५६० |
| अ हे व | १० | ४११७००० |
| अनमि | ९ | ३७०५००० |
| कार्यालय सहायक | ५ | २१८८००० |
| कृषि सहायक | ३ | ११९५७०० |
| पशु सहायक | ४ | १७५०००० |
| जम्मा | | १८८९१८५७ |

९.३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यविधी बनाए पनि सुचाङ्क तथा मापदण्ड बनाएको छैन । सबै कर्मचारीलाई समान दरमा रु २६ लाख २९ हजार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

९.४ वडा सचिवको पदपूर्ति - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १२ | १२ | ७ | ५ |

## १० कानून निर्माण एवं कार्यान्वयन

१०.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २५ वटा ऐन, ६ वटा नियमावली, ४१ नीति, निर्देशिका, कार्यविधि लगायत ७२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले तयार गरेको केही कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन

बाँकी ६ र यो वर्ष थप भएको १३ गरी कुल १९ विवाद दर्ता भएकोमा ६ वटा मात्र फर्स्योट भई १३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१०.२ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ७१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१०.३ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ

११ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन।त्यसै गरी पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी सामान्य मापदण्ड, २०७९ बनाई सामान्य आर्थिक सहायता बढीमा रु.५,०००। सम्म प्र.प्र.अले, विशेष आर्थिक सहायता बढीमा रु.१५,०००।, वैदेशिक रोजगारीमा मृत्यु भएका व्यक्तिको परिवारलाई किरिया खर्च वापत बढीमा रु.१५,०००। र कडा रोगको उपचार खर्च वापत बढीमा रु.४०,०००। वितरण गर्न कार्यपालिकाले गाउँपालिका अध्यक्षलाई अधिकार प्रत्यायोजन गरेको छ। यसरी मापदण्डको अधिनमा रही यस वर्ष पालिकाले जम्मा रु.९,८५,०००। रकम आर्थिक सहायता वापत वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१८ करोड ७६ लाख ४३ हजारको ०.७२ प्रतिशत हुन आउँछ ।

१२ **दरबन्दी भन्दा बढी पदपूर्ती**

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवा संगठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो संगठन वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धीत स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, सर्वेक्षण गर्दा दरबन्दी सिर्जना वा पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखिए सोको कारण र औचित्य खुलाई स्वीकृतिका लागि नगर कार्यपालिकामा प्रतिवेदन पेस गर्नुपर्ने, पेस गरिएको दरबन्दी आवश्यकता र औचित्य समेतको आधारमा नगर सभाले प्रस्ताव स्वीकृत गर्न सक्ने व्यवस्था छ। त्यस्तै दफा ७ मा माथि उल्लेखित प्रकृया बमोजिम दरबन्दी स्वीकृत भएपछि स्थानीय सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तहसमेत खुल्ने गरी संगठन संरचना स्वीकृत गर्ने वा पद सिर्जना गर्ने निर्णय भएको मितिले १ महिनाभित्र प्रदेश किताबखानामा पददर्ता गराउनुपर्ने र प्रदेश किताबखानाबाट पददर्ताको जानकारी प्राप्त भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिने व्यवस्था छ। तर पालिकाले माथि उल्लेखित प्रकृया पुरा नगरी तपसिलका पदमा स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी पदपूर्ति गरी जम्मा रु.५२,७९,३८४। खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| सि. नं | पद | स्वीकृत दरबन्दी | पदपूर्ती संख्या | पदपूर्ती प्रकार | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | सामाजिक परिचालिका | - | ९ जना | करार | २६०५५०० |
| २ | स्वास्थ्य संस्था हे. ई पाचौँ | १३ जना | १५ जना | दुबै | ९२२९८० |
| ३ | स्वास्थ्य संस्था हे. ई चौथौँ | १२ जना | १४ जना | दुबै | ८७५४५२ |
| ४ | स्वास्थ्य संस्था प. हे . न र क . न चौथौँ | ११ जना | १३ जना | दुबै | ८७५४५२ |
| | जम्मा | | | | ५२७९३८४ |

| | |
|---|---|
| अनियमित भएको | ५२,७९,३८४ |

१३ **अन्य निकायको सामाग्री खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आफ्नै छुट्टै कार्यालय, बजेट तथा कार्यक्रम अख्तियारी, स्रोत साधन सम्पन्न स्वायत्त निकायलाई सामाग्री खरिद गरी हस्तान्तरण गरेका कारण आर्थिक व्ययभार बढ्न गएको रकम नियमानुसार नदेखिएको रु.

| गो.भौ.नं/मिति | सहायता पाउने कार्यालयको नाम | सामाग्रीको विवरण | रकम |
|---|---|---|---|
| ७६२- ०८१।०३।२४ | मालपोत कार्यालय सिन्धुपाल्चोक | डेक्सटप १ थान | ९८८७५ |
| | जम्मा | | ९८८७५ |

| | |
|---|---|
| अनियमित भएको | ९८,८७५ |

१४ **ईन्धन खर्च**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा १० को उपदफा १, २ र ३ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याइ खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष ईन्धन वापत ईन्धन (पदाधिकारी) शिर्षकबाट रु. ११,८७,२३३। र ईन्धन (कार्यालय प्रयोजन) शिर्षकबाट रु. १४,२६,९२५। गरी जम्मा रु.२६,१४,१५८। खर्च गरेको छ।ईन्धन प्रयोगको आवश्यक कार्यविधि र लगबुक बनाएको छैन। बाग्मती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को अनुसुची १(क) मा पदाधिकारीलाई मासिक उपलब्ध गराइने इन्धन लिटर भन्दा पालिकाले बढी परिमाणमा इन्धन उपलब्ध गराएको छ। यसरी ईन्धन प्रयोगको कार्यविधिमा तोके अनुसार खर्च गर्ने र सेवा सुविधामा तोकेको दरमा इन्धन उपलब्ध गराइ दोहोरो सुविधा नदिने तर्फ पालिकाको विशेष ध्यान जानु पर्ने देखिन्छ।

| क्र. सं | बजेट शिर्षक | वार्षिक वजेट | खर्च |
|---|---|---|---|
| १ | ईन्धन ( पदाधिकारी ) | १५००००० | ११८७२३३ |
| २ | ईन्धन ( कार्यालय प्रयोजन ) | १८००००० | १४२६९२५ |
| | जम्मा | | २६१४१५८ |

१५ **मर्मत आदेश**

सार्वजनिक खरिद नियमावली २०६४ (बाहौँ संसोधन) को नियम 96 मा मालसामान मर्मत सम्भार गर्ने, गराउने कार्यविधिको व्यवस्था गरिएको छ।उक्त व्यवस्था अनुसार कार्यालयले कुनै पनि मालसामानको मर्मत गर्नुपर्दा कार्यालय प्रमुखलाई लिखित जानकारी दिइ मर्मत आदेश तयार गर्ने, सोको लागत अनुमान तयार गर्ने र सो स्वीकृत भए पश्चात नियमावलीमा भएको व्यवस्था बमोजिम मालसामान मर्मत गरी खरिद गरिएका वा फेरिएका सामाग्रीको नियमानुसार जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले परीक्षण गरिएका निम्नानुसारका भौचरमा सवारी साधन मर्मतमा नियमानुसार मर्मत आदेश तयार नगरी सोझै बिलका आधारमा वा PAMS को मर्मत आदेश वेगर म्यानुअल मर्मत आदेशका आधारमा भुक्तानी गरेको नियमानुसार नदेखिएको रु.

| गो. भौ . नं।मिति | फर्मको नाम | बिल नं।मिति | विवरण | रकम |
|---|---|---|---|---|
| ७१९- ०८०।०३।२२ | भुवनेश्वरी इम्पोर्ट एक्स्पोर्ट प्रा. ली | ०२०- ०३।१८ | ल्यापटप प्रिन्टर मर्मत | ३६०४६।५ |
| ७१९- ०८०।०३।२२ | विभिन्न बिलहरु ( ह . स . चा पोडे तामाङ ) | विभिन्न | सवारी साधन मर्मत | ३२२०० |
| जम्मा | | | | ६८२४६ |

| अनियमित भएको | ६८,२४६ |
|---|---|

## १६ दाखिलाको प्रमाण पेश हुनुपर्ने

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ देखि १०२मा भएको व्यवस्था बमोजिम खरिद गरिएका मालसामानहरु ७ दिन भित्र मुल्य र स्पेशिफिकेशन खुलाई **PAMS System** मा जिन्सी दाखिला गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। साथै गैरसरकारी संस्था, सामाजिक संस्था, विद्यालय वा अन्य निकायलाई सार्वजनिक हित प्रवर्धन उद्देश्यले आवश्यक सामाग्री खरिद गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरेमा सम्बन्धित निकायले दाखिला गरेको प्रमाण अनिवार्य पेश गर्नुपर्दछ । कार्यालयले सोही दाखिला फारमको रुजु गरी लगत कट्टा गर्नुपर्दछ। कार्यालयले कार्यालय प्रयोजनका लागि खरिद गरेको तर आफ्नो जिन्सीमा दाखिला नगरेको साथै हस्तान्तरण गर्नका लागि खरिद गरेका सामाग्रीहरु हस्तान्तरण गरेको तर सम्बन्धित निकायबाट दाखिला प्रतिवेदन प्राप्त नभएका केही भौचर परीक्षण गर्दा सो प्रमाण पेश नभएकोले सोको दाखिला प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गो.भौ.नं/मिति | संस्थाको नाम | फर्मको नाम | सामानको विवरण | रकम |
|---|---|---|---|---|
| ७२५- ०८१।०३।२२ | कार्यालय | न्यू भि. एस ईन्टरप्राइजेज | प्रमाणपत्र र फ्रेम | ७३९०२ |
| ७२५- ०८१।०३।२२ | १९ वटा सामुदायिक विद्यालय | KBS Multipurpose Company Pvt. Ltd | २६ वटा आइटम विद्यालय सामाग्री | ३१७५९८ |
| ७१७- ०८१।०३।२२ | वडा नं ७ | अप्टिक कम्प्युटर एण्ड जनेरल स्टोर्श | सिसिटिभि क्यामेरा | ९९४४० |
| ७२३- ०८१।०३।२२ | कार्यालय | ईन्द्रावती संचार प्रा. ली | वृत्तचित्र निर्माण | ३५०००० |
| ४८३-२०८१।२।३ | कार्यालय | लुम्बीनी बुद्ध प्रिन्टर्स | शैक्षिक पात्रो | ९९४४० |
| | जम्मा | | | ९४०३८० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **१४९,९९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ९,४०,३८० |
|---|---|

## १७ सवारी चालक अनुमती पत्र

कार्यालयले कर्मचारी वा पदाधिकारीलाई सवारी साधन उपलब्ध (मोटर साईकल/स्कुटर) गराउदा अनिवार्य रुपमा निजको सवारी चालक अनुमति पत्र कार्यालयमा पेश गर्नुपर्दछ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार निम्नानुसारका पदाधिकारीलाई सवारी चालक अनुमति पत्र नभएका पदाधिकारीहरुलाई दुई पाङ्ग्रे सवारी साधन प्रयोग गरेको पाईएकोले उक्त सवारी साधन पदाधिकारीबाट फिर्ता लिनु पर्दछ।

| क्र. सं | पदाधिकारीको नाम | सवारी साधनको विवरण | सवारी साधन नं |
|---|---|---|---|
| १ | कार्यपालिका सदस्य वडा नं ५ सिता तिरुवा | Tvs Apache मो . सा | बा. प्र . ०२ - ००१ ब ६२२० |
| २ | कार्यपालिका सदस्य वडा नं ७ तिलब बहादुर रोक्का | बजाज पल्सर मो. सा | बा. प्र . ०२ - ००१ ब ६१७८ |
| ३ | कार्यपालिका सदस्य वडा नं ७ अनिता कार्की | बजाज पल्सर मो. सा | बा २ ब ८५६८ |
| ४ | कार्यपालिका सदस्य वडा नं ११ गिता सोनाम | Tvs Apache स्कुटर | बा. प्र . ०२ - ००१ ब ६२१७ |
| ५ | कार्यपालिका सदस्य वडा नं ११ मिठु नेपाली | Tvs Apache स्कुटर | बा. प्र . ०२ - ००१ ब ६२१९ |

१८ **वडा वा स्वास्थ्य केन्द्र मार्फत खरिद**

सार्वजनिक खरिद नियमावली,२०६४ मा मालसामान खरिद गर्दा नियम ९ र ११ अनुसारको लागत अनुमान तयार गरी नियम १४ अनुसार तोकिएको अधिकारीबाट स्वीकृत गर्नुपर्ने साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४अनुसार वस्तु तथा मालसामान खरिद गर्दा अधिकार प्राप्त अधिकारिको लिखित आदेश विना खरिद गर्न नहुने व्यवस्था रहेको छ। परीक्षण गरिएका देहाय बमोजिमका भौचरहरुमा अधिकार प्राप्त अधिकारी गाउँपालिकाद्वारा मालसामान खरिद गरी हस्तान्तरण गर्नुपर्नेमा वडा वा स्वास्थ्य केन्द्र मार्फत खरिद गरी भुक्तानी भएको नियम सम्मत देखिएन। यसरी खरिद गर्ने परम्परालाई निरुत्साहित गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| गो. भौ . नं / मिति | वडा कार्यालय । स्वास्थ्य चौकी | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| ७५१- ०८१।०३। २३ | वडा नं ७ | विभिन्न फर्म | बिरुवाहरु, गमलाहरु , डस्टबिन र पाइप टंकी | ३११००० |
| ६६३- ०८१।०३। १९ | वडा नं १० | अनुभवी कृषि तथा पशुपन्छी फर्म | बंगुरको पाठापाठी १५ वटा | ९०००० |
| ५७३- ०८१।०३। ०६ | वडा नं ६ | नमुना बंगुर पालन उद्योग | बंगुरको पाठापाठी १३ वटा | ११७००० |
| ७४५- ०८१।०३। २३ | तुलसीडाडाँ सामुदायिक स्वास्थ्य इकाइ | विभिन्न | प्रिन्टर, भाडाकुडा | ८७७७२ |
| ७४१- ०८१।०३। २३ | वडा नं १२ | एन. एस मेगाटेक इन्टरनेशनल प्रा . ली | ल्यापटप १ थान | ६७००० |
| ७३७- ०८१।०३। २३ | वडा नं १२ | शुभकामना भेट सप्लायर्स | पशु औषधी | ९५५९५ |
| ७१५- ०८१।०३। २२ | वडा नं ५ | म्युजिकल गुड्स डिलर | सुर्यकोट दलित समुह | ५०००० |
| ६९७- ०८१।०३। २० | वोडगाउ आधारभुत अस्पताल | झरना इन्टरप्राइजेज | ल्याब सामाग्री | १६४८५५ |
| ६४९- ०८१।०३। १९ | वडा नं ९ | सबल सप्लायर्स एण्ड ट्रेडिङ्ग हाउस | डस्टविन स्ट्याण्ड, कुर्सी , टेबल , दराज | ९९९२० |
| ५६६- ०८१।०३। ०५ | वडा नं ८ | जयमाँ चण्डेश्वरी भाडा पसल | टेन्ट थाल डेक्ची लगायत | ७३३८७ |
| ४२२-२०८०।१२। २८ | वडा नं ९ वडा कार्यालय | विभिन्न फर्म | युवा तथा खेलकुद सामग्री | ५७३०५ |
| ३९७-२०८०।१२। १६ | वडा नं. ५ वडा कार्यालय | विभिन्न फर्म | खेलकुद सामग्री | २९५१५ |
| जम्मा | | | | १२४३३४९ |

१९ **बढि भुक्तानी** (४१९-२०८०-१२-२७):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले वडा नं. ६ को कार्यालय सञ्चालनका लागि कार्यालय सामग्री खरिदबापत वडा सचिव डुम बहादुर वि.क लाई रू. ३२९३६५।- भुक्तानी गरेमा रू. २७५४५३।- को मात्र पेश भएको बिल, भर्पाई पेश भएको रू. ५३९१२ को बिल, भर्पाई पेश गर्नुपर्ने अन्यथा निजबाट असुल गर्नपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५३,९१२ |

२० **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता** (३८५-२०८०-१२-१२):

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **६४,६३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२१ **लक्षित वर्ग कार्यक्रम** (४३३-२०८१-१-१२):

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **२६,५१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२२ **सेनिटरी प्याड** (१६४-२०८१-३-२२):

सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले विद्यालयहरु सँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा प्रयोग गर्ने मिति स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्ध वार्षिक रुपमा वितरण गर्न सक्ने व्यवस्था छ । त्यस्तै पालिकाले विद्यालयमा रहेको छात्राको संख्या यकिन गरी विद्यालयको माग अनुसार सेनिटरी प्याड खरिद गर्ने व्यवस्था छ तोकिएको स्पेशिफिकेशन यकिन गरी सेनिटरी प्याड खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले १९६०० थान प्याड रू. ६२०१४४ मा झरना इन्टरप्राइजेजबाट खरिद गरेकोमा पालिकाले खरिद गरिएको प्याड तोकिएको स्पेशिफिकेशन गुणस्तर जाँच नभएकोले गुणस्तरयुक्त थिए भन्ने आधार भएन ।

२३ **न्यानो झोला** (७-२०८०-६-१२):

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी गरेको सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा मातृ तथा नवशिशु कार्यक्रममा न्यानो झोलामा हुने लुगाको विवरण र सोको स्पेशिफिकेशन तय गरेको छ। तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले २०० थान न्यानो झोला रु. १५४००० मा खरिद गरेको छ। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको गुणस्तर परीक्षण गरेको देखिएन । पालिकाले गुणस्तर परीक्षण गरी रकम भुक्तानी गर्नुपर्दछ ।

२४ **पदाधिकारी यातायात खर्च**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२५ **डिसपोजल मेशिन** (१६४-२०८१-३-२२):

सार्वजनिक खरिद नियमावली, २०६५ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्दछ। पालिकाले एम स्वायर मल्टिपर्पोज प्रालिबाट १७ वटा सेनिटरी प्याड रू. ८५०००० मा खरिद गरेकोमा उक्त मेशिन दाखिला चेक जाँच गर्दा सो मेशिनको स्पेशिफिकेशन सहित दाखिला गरेको छैन उक्त मेशिनको गुणस्तर एकिन गर्न सकिएन।

२६ **प्रशिक्षक भत्ता**

कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ ले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । यस मापदण्डले नगरपालिकास्तरमा सञ्चालन हुने ३० कार्यदिन भन्दा बढी अवधि सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा मुख्य प्रशिक्षकलाई मासिक रु. १०,०००। दरले प्रशिक्षक भत्ता उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले तपसिलको तालिम सञ्चालन गर्दा निम्न प्रशिक्षकलाई कार्यक्रम सञ्चालन निर्देशिकाले तोकेको दरभन्दा बढी दरमा प्रशिक्षक भत्ता उपलब्ध गराएकोले बढि रकम असुल गर्नेपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,७७५ |

२७ **मेड्पा कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ३९ मा लघु उद्यम तालिमबाट उत्पादित सामान वा वस्तु व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू प्रशिक्षण अवधिभित्रै परल मुल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई विक्रि गर्न सकिने व्यवस्था छ। त्यस्तै बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरू सम्भव भएसम्म विक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह, विक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ। त्यसरी पठाउँदा पनि बिकी नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले तपसिलका तालिमबाट उत्पादित सामग्रीको बिक्री वितरण गरी राजस्वा दाखिला गरेको तथा स्टोर दाखिला गरेको देखिएन।

| **भौ.नं. र मिति** | **विवरण** | **तालिम प्रदायक** | **खर्च रकम** |
|---|---|---|---|
| १५५-२०८१।३।२० | प्राकृतिक रेशाजन्य वनस्पति मकैको खोस्टाबाट बन्ने हस्तकला सामग्रीको तालिम | ओमश्री मल्टी एग्री प्रालि | ३२०००० |
| ८८-२०८१।१।१३ | गलैचा बुनाई तालिम | पालिका आफै | १५७२०० |

२८ **बढि भुक्तानी** (४५१-२०८१-१-१७):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **८,९५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२९ **तलवी प्रतिवेदन**

बागमती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय या इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ २४ कर्मचारीको रु. १४३००४४२।- खर्च लेखेको छ । नियम अनुसार तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३० **विद्यालयको जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ देखि १०२ मा भएको व्यवस्था बमोजिम खरिद गरिएका मालसामानहरु ७ दिन भित्र मुल्य र स्पेशिफिकेशन खुलाई **PAMS System** मा जिन्सी दाखिला गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। साथै गैरसरकारी संस्था, सामाजिक संस्था, विद्यालय वा अन्य निकायलाई सार्वजनिक हित प्रवर्धन उद्देश्यले आवश्यक सामाग्री खरिद गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरेमा सम्बन्धित निकायले ऐन र नियमावलीमा भएको व्यवस्थाको पालना गरी प्राप्त सामाग्रीको दाखिला गरेको प्रमाण अनिवार्य पेश गर्नुपर्दछ । कार्यालयले सोही दाखिला फारमको रुजु गरी लगत कट्टा गर्नुपर्दछ। तर सामुदायिक विद्यालयले पालिकाबाट प्राप्त गरेको अनुदानबाट खरिद गरेका खर्च भएर नजाने सामाग्रीहरुको जिन्सी दाखिला गर्दा पाने दाखिला पेश गरेको, जिन्सी खाता पाना नं र मिति उल्लेख नगरेको, सहायक जिन्सी खातामा नचढाएको देखिएकोले यसरी खरिद गरिएका सामाग्रीको सम्बन्धमा एकिन हुन सकिएन। यस तर्फ सम्बन्धित निकायको विशेष ध्यान जानु पर्दछ।

३१ **वैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **४५,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **१७,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२ **शिक्षण अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखिनै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका निजि श्रोतका शिक्षकहरुलाई बजेट व्यवस्था गरी निम्नानुसार गाउँपालिकाको आन्तरिक स्रोत र राजश्व बाँडफाडबाट बजेट व्यवस्था गरी रु.१,९४,१६,३७१। भुक्तानी खर्च गरेको विवरण पेश भएको छ। यसरी निजि श्रोतका शिक्षकको तलब भत्ता भुक्तानी गरी थप दायित्व सृजना गरेको छ।

| गो. भौ . नं।मिति | विवरण | रकम |
|---|---|---|
| १०४- ०८०।०६। २४ | सेवा करार शिक्षक तलब मा. वि र आधारभुत तह शिर्षक र थप बालविकास , लेखापाल तथा विद्यालय सहयोगी कर्मचारी प्रोत्साहन | ५६३६६९५ |
| २३६- ०८०।०९। २३ | सेवा करार शिक्षक तलब मा. वि र आधारभुत तह शिर्षक र थप बालविकास , लेखापाल तथा विद्यालय सहयोगी कर्मचारी प्रोत्साहन | ४५५७८४५ |
| ४०९- ०८०।१२। २५ | सेवा करार शिक्षक तलब मा. वि र आधारभुत तह शिर्षक र थप बालविकास , लेखापाल तथा विद्यालय सहयोगी कर्मचारी प्रोत्साहन | ५१८०६५६ |
| ५७६- ०८१।०३। ०६ | सेवा करार शिक्षक तलब मा. वि र आधारभुत तह शिर्षक र थप बालविकास , लेखापाल तथा विद्यालय सहयोगी कर्मचारी प्रोत्साहन | ४०४११७५ |
| जम्मा | | १९४१६३७१ |

३३ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले औषधि खरिद बजेट उप शिर्षकबाट मानसरोवर मेडिहेल्थ प्रा लि, युथ भिजन मेडिसिन डिस्ट्रिव्युटर्स प्रा लि, हेल्पिङ मल्टिप्रपोज प्रा लि र एम स्क्वाएर मल्टिप्रपोज प्रा लिसँग रु २४ लाख ४४ हजारको औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित विवरण पेश भएन साथै औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३४ **स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१(क) मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था छ। कार्यालयले परीक्षण गरिएका निम्नानुसारका भुक्तानीमा शिर्षक फरक पारी खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

| गो. भौ . नं / मिति | खर्च भएको शिर्षक | खर्चको विवरण | रकम |
|---|---|---|---|
| ७४९- ०८१।०३। २३ | निशुल्क औषधी खरिद | एम्बुलेन्स चालक पारिश्रमिक वापत | ६०५०० |
| ७४७- ०८१।०३। २३ | निशुल्क औषधी खरिद | मृत्यु संस्कार सहायता वापत | ८५००० |
| ७११- ०८१।०३। २१ | विपन्न दलित तथा सिमान्तकृत समुदायका नागरिकलाई लोकसेवा तयारी कक्षा, | स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाई | ९९७३९४ |
| | विद्यार्थीसंग जनप्रतिनिधि कार्यक्रम | | |
| | विद्यालय व्यवस्थापन खर्च अनुदान | | |
| | कार्यदिनमा शत प्रतिशत उपस्थितहरु विद्यार्थीका अभिभावक प्रोत्साहन कार्यक्रम | | |
| ६४५- ०८१।०३। १८ | स्वास्थ्य बिमा | दिर्घकालिन रोगका लागि आर्थिक सहायता | १८०००० |
| | जम्मा | | १३२२८९४ |

| | |
|---|---|
| अनियमित भएको | १३,२२,८९४ |

३६ **वितरण भर्पाइ**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **१३७,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३७ **सोझै औषधी खरिद**

पालिकाले प्रतिस्पर्धाको माध्यमबाट तथा सिधै गरी देहाय अनुसार सामान खरिद गरेकोमा निम्नानुसार देखिएको छ ।

पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको आधारमा विवरण तयार गरी पुल सिस्तमको आधारमा आपूर्ति व्यवस्था गर्नुपर्दछ । औषधीको टेण्डर डकुमेन्टमा आपूर्ति हुने औषधी एवम् आय-सामानको उत्पादन मिति, म्याद सकिने मिति, औषधीको म्याद कार्यालयमा प्राप्त हुँदा कम्तिमा १८ महिना म्याद भएको हुनुपर्ने व्यहोरा उत्पादक कम्पनीको नाम, कन्ट्री अफ ओरिजन, जि.एम,पिको प्रमाण, निशुल्क वितरणको लागि भने छाप लगायतको विवरण उल्लेख हुनु पर्दछ । तर देहायको आपूर्तक कर्तासँग सिधै वा प्रतिस्पर्धात्मक विधिबाट औषधी खरिद गर्दा टेण्डर डकुमेन्टमा उपरोक्त व्यहोराहरु उल्लेख छैन । प्राप्त औषधी तथा समानको औषधी आपूर्तिकर्ताले डेलिभरी सिटमा उपरोक्त व्यहोरा उल्लेख गरिएको छैन । तसर्थ प्राप्त औषधी गुणस्तर भए नभएको एकिन गर्न सकिने अवस्था रहेन यसमा सुधार हुनुपर्दछ ।

| भौ.नं. र मिति | औषधी आपूर्तकको नाम | खरिद विधि | इकाई | भुक्तानी रकम |
|---|---|---|---|---|
| १७१-२०८१।३।२३ | दिव्यश्वरी मेडिकल | सोझै खरिद | २२ | ४७८०६ |
| १६३-२०८१।३।२२ | सेतिदेवी मेडिसिन सप्लायर्स प्रालि | सोझै खरिद | ८ | ८९७५५ |
| 116-2081।२।१८ | एम स्क्वायर मल्टिपर्पोज प्रालि | सोझै खरिद | ५१ | ९१६८५७ |
| ६७-२०८१।१।१३ | हेल्पीङ्ग मल्टिपर्पोज प्रालि | ई-बिडिङ्ग | ७५ | ४४६७६५ |
| २।२०८०।६।८ | युथ भिजन मेडिसिन ड्रिस्ट्रिब्यूटर्स प्रालि | सोझै खरिद | ३५ | ९८०४०१ |
| ७६१-२०८१।३।२४ | मानसरोवर मेडिहेल्थ प्रालि | ई-बिडिङ्ग | ४१ | १९९१४७ |
| जम्मा | | | | २६८०७३१ |

३८ **पदाधिकारी घरभाडा**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६मा पदाधिकारी सेवा सुविधाको व्यवस्था छ। उक्त व्यवस्थाको अनुसुची १ (क), १ (ख) र १ (ग) मा पदाधिकारीलाई घरभाडा वापत सुविधा उपलब्ध गराउने व्यवस्था गरेको देखिदैन। पालिकाले गाउँपालिका अध्यक्षको लागि घरभाडामा लिएर निम्नानुसार भुक्तानी भएकोले, ऐनमा नभएको सुविधा भुक्तानी भएको खर्च अनियमित देखिएको रु.

| क्र. सं | पदाधिकारी | घरधनीको नाम | मासिक भाडा | वार्षिक भुक्तानी |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | तिर्थकाजी श्रेष्ठ वडा नं ४ | रु. २००००। | २४०००० |
| | | जम्मा | | २४०००० |

| | |
|---|---|
| अनियमित भएको | २,४०,००० |

३९ **पदाधिकारी सेवा सुविधा**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६मा पदाधिकारी सेवा सुविधाको व्यवस्था गरी अनुसुची १ (क), १ (ख) र १ (ग) मा उल्लेख गरिएको छ। ऐनमा भएको सुविधाको अधिनमा रहि कार्यालयले ६२ जनप्रतिनिधिहरुलाई पदाधिकारी अन्य सुविधा भ्रमण खर्च समेत शिर्षकबाट बजेट व्यवस्था गरी जनप्रतिनिधिको सेवा सुविधा वापत जम्मा रु.८४,७२,०००। भुक्तानी गरेको छ।

| क्र. सं | पदाधिकारी | संख्या | मासिक सुविधा (प्रति सदस्य) | जम्मा वार्षिक |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | १ जना | ३४००० | ४०८००० |
| २ | गाउँपालिका उपाध्यक्ष | १ जना | ३०००० | ३६०००० |
| ३ | वडाध्यक्ष | १२ जना | २२५०० | ३२४०००० |
| ४ | कार्यपालिका सदस्य | ६ जना | ९५०० | ६८४००० |
| ५ | वडा सदस्य | ४२ जना | ७५०० | ३७८०००० |
| | जम्मा | जना | | ८४७२००० |

४० **दिर्घरोगको औषधी उपचार खर्च सोधभर्ना**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका विरामिहरुलाई औषधिउपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ मा बजेट व्यवस्थाका

लागि मन्त्रालयले सम्बन्धित स्थानीय तहबाट अनुसुची ३ अनुसारको ढाँचामा भुक्तानी भएको रकमको विवरण पेश गरेको आधारमा अर्ध वार्षिक रुपमा सोधभर्ना गराउने व्यवस्था गरेको छ। यसरी कार्यालयलेमन्त्रालयबाट प्राप्त रकम अपुग भई पालिकाको बजेटबाट आर्थिक वर्ष २०७९।८०को रु.८,९०,०००। र आर्थिक वर्ष २०८०।८१ को रु.७०,०००। गरी जम्मा रु.९,६०,०००। दिर्घरोगीलाई वितरण गरेको छ। सो मध्ये रु.३,६५,०००। मात्र पालिकाले प्राप्त गरेको र बाकी रकमका लागि मन्त्रालयमा बारम्बार पत्राचार गरेपनि प्राप्त नभएकोले मन्त्रालयबाट सोधभर्ना हुनुपर्ने रु.

| | |
|---|---|
| सोधभर्ना नलिएको | ५,९५,००० |

४१ **जिल्ला दररेट** (६५६-२०८१-३-१९):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **३,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **दुध अनुदान**

पालिकाको "दुध विक्रिमा अनुदान कार्यक्रम कार्यविधि, २०७८" निर्माण गरी दुध उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गर्न प्रति लिटर दुधमा रु.४।– रुपैयाँ अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ। कार्यविधिको बुदाँ नं ९ मा सहकारीले अनुदान वापतको रकम भुक्तानी गर्दा कृषकको बैंक खाता वा वित्तिय संस्थामा रहेको खातामा वा नगदै वितरण गरी भर्पाइ कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस आ.वमा पहिलो चरणमा १३ वटा सहकारी संस्थालाई कृषकहरुको गत आर्थिक वर्षको ४ महिनाको अनुदान रकम भुक्तानी गर्न बाकी रहेको भनी पेश्की लिएर नगदै वितरण गरेको भर्पाइ पेश गरेको छ। दोश्रो चरणमा पालिकाले ५ वटा बैंक मार्फत कृषकको खातामा नगद भुक्तानी गरेको विवरण पेश गरेको छ। यसरी कार्यविधिमा अनुदान उपलब्ध गराउदा पहिलो प्राथमिकता कृषकको बैंक खाता वा वित्तिय संस्थामा रहेको खातामा वितरण गर्ने उल्लेख गरेकोमा पहिलो चरणको अनुदान नगदै वितरण गर्दा सहकारीले आफ्ना कृषकलाई के कती परिमाणमा दुध अनुदान वापत रकम भुक्तानी गरे, दुध अनुदानको परिमाण साथै अनुदान खर्च प्रति एकिन गर्न सकिने आधार भएन। यसरी कार्यविधिमा भएको प्राथमिकता भन्दा फरक तरिकाले भुक्तानी नगरी दुध अनुदानको अनुगमन गरी बैंक खाता मार्फत अनुदान रकम उपलब्ध गराउने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

| क्र. सं | सहकारी संस्थाको नाम | अनुदान रकम |
|---|---|---|
| १ | ईन्द्रवती नयाँपानी एकिकृत कृषि सहकारी संस्था लि. | २९०३२८ |
| २ | खड्पेश्वर दुग्ध उत्पादक सहकारी संस्था लि. | १५५८९६ |
| ३ | चन्द्रावती देवी दुग्ध उत्पादक सहकारी संस्था लि. | ४०४०० |
| ४ | देउराली देवी दुग्ध उत्पादक सहकारी संस्था लि. | १०६०२८ |
| ५ | न्यौपानेटार अधिकारीटार दुग्ध उत्पादक सहकारी संस्था लि. | १०३००४ |
| ६ | भोटसिपा साना कृषक सहकारी संस्था लि. | ३२८८५२ |
| ७ | श्री बच्छलादेवी दुग्ध विकास बहुउद्धेशिय सहकारी संस्था लि. | १०१२८८ |
| ८ | श्री बछलादेवी बहुउद्धेशिय सहकारी संस्था लि. | १७३०१६ |
| ९ | श्री भिमटार पौवा गणेशथान दुग्ध उत्पादक सहकारी संस्था लि. | ११६०९६ |
| १० | श्री महालक्ष्मी दुग्ध उत्पादक सहकारी संस्था लि. | १५६७५२ |
| ११ | श्री सेतिदेवी दुग्ध उत्पादक सहकारी संस्था लि. | १०३१६४ |
| १२ | सुर्यकोट बहुउद्धेशिय सहकारी संस्था लि. | ४४५६४ |
| १३ | सिपा बोडगाउँ दुग्ध उत्पादक सहकारी संस्था लि. | ६६६७२ |
| | जम्मा | १७८६०६० |

## ४३ कृषि अनुदान उपयोग सामाग्रीको अभिलेख

गाउँपालिकाको स्थापनाको समय देखि कृषकलाई सहकारी, समुह, उपभोक्ता समिति मार्फत वा सिधै २५, ५०, ७५ प्रतिशत वा सतप्रतिशत मुल्यमा माउरीको घार, क्यान, डिप फ्रिज, मिनि टेलर, ट्र्याक्टर लगायतका सामाग्री उपलब्ध गराउँदै आएको छ। वास्तविक सिमान्तकृत कृषकलाई सहुलियतपूर्ण साधन प्रदान गरी उत्पादन लागत घटाई जीवन स्तर उकास्ने अभिप्रायले संघिय, प्रदेश तथा गाउँपालिका स्वयमले यस किसिमको वर्षेनी गर्दै आएको छ। तर पालिकासँग विगत तीन वर्षमा के कति कृषकले, के कति उपकरण तथा औजार प्राप्त गरेका छन् तिनको अभिलेख माग गर्दा कृषि शाखाले उपलब्ध गराउन सकेन। साथै कृषकलाई यस्ता सामाग्री उपलब्ध गराउदा वास्तविक लक्षित वर्ग पहिचान गरी मापदण्ड तयार गरी वितरण गर्नुपर्नेमा पालिकाले स्वविवेकले सामाग्री उपकरण गरेको छ। तसर्थ वास्तविक लक्षित कृषकको लगत तयार गरी प्राथमिकताको आधारमा उपकरण लगायतका सामाग्री वितरण गर्ने र सोको अभिलेख राख्नु पर्दछ। परीक्षण गरिएका निम्नानुसारका भौचरमा यस वर्ष पालिकाले देहायका सामान खरिद गरी कृषक छनौटको मापदण्ड तयार नगरी वितरण गरेको उदाहरण निम्न अनुसार छनः

| गो. भौ . नं।मिति | कार्यक्रम गर्ने | आपूर्तिकर्ताको नाम | अनुदानको विवरण | रकम |
|---|---|---|---|---|
| | गाउँपालिका चालु | | | |
| ७४८- ०८१। ०३।२३ | वडा नं ७ मार्फत | एग्रो सोलुसन एण्ड स्ट्रक्चर प्रा. ली र ईन्द्रवती कृषि मेशिनरी सप्लायर्स | मिनिटिलर, टनेल , स्पेयर , फुट स्प्रेयर | ४०८०५० |
| ६९९- ०८१। ०३।२० | वडा नं ५ मार्फत | सुप्रिम प्लाष्टिक ट्रेड लिंक, अनमोल एग्रो सेन्टर र अन्य | वाटर पम्प, सिल्पालिन प्लाष्टिक | २१७६८५ |
| ५८०- ०८१। ०३।०६ | वडा नं १२ मार्फत | नमोबुद्ध मौरीपालन तथा घार निर्माण | मौरी घार वितरण | १६८००० |
| ५७२- ०८१। ०३।०६ | वडा नं ८ मार्फत | ब्रह्मायणी एग्रोभेट सेन्टर | स्प्रे वितरण | ९१६२५ |
| ५६८- ०८१। ०३।०५ | वडा नं ६ मार्फत | दुवाल आर एण्ड आर भक्तपुर ईन्टरप्राइजेज प्रा. ली | मिनिटिलर | २८०००० |
| १०५-२०८१। २।३ | सेतीदेवी दुग्ध उत्पादक सहकारी संस्था लि. | दुवाल आर एण्ड भक्तपुर इन्टरप्राइजेज प्रालि | कर्न सेलर | २४५०० |
| २८-२०८१।३। २३ | वडा नं. ७ का कृषक | माउन्टेन बि कन्सन प्रालि | मौरी घार | ७३५००० |
| ४३४-२०८१। १।१२ | केडिएस महिला बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म | | टनेल निर्माण | १०२००० |
| ४३३-२०८१। १।१२ | २३ जना कृषक | श्री सिताराम फर्निचर तथा मौरी घार उद्योग | मौरी घार, पन्जा लगायत | २४१५०० |
| ४१६-२०८०। १२।२७ | मदन दनुवार | | टनेल निर्माण | १०२००० |
| ४१५-२०८०। १२।२७ | चन्द्र बहादुर दनुवार | | टनेल निर्माण | १०२००० |

४४ **पशु अनुदान**

पालिकाले लक्षित वर्गलाई लक्षित गरेर वितरण गरिने बाख्रा, बोका, भैँसी, पाडापाडी तथा ब्रिडिङ्गको लागि वितरण गरिने बोका राँगो लगायतका पशुहरु खरिद गर्नुपूर्व सकेसम्म सरकारी फर्मबाट हावापानी अनुकुल हुने गरी खरिद गर्नुपर्दछ। त्यसरी खरिद गरेका पशुको बिमा गरी ट्याग बाट प्रमाणित गरी पालिका भरी कुन कुन आ.वमा के कति के कसलाई वितरण भयो भनी अभिलेख राखी अनुगमन समेत गर्नुपर्दछ। सरकारी फर्म नभएमा पशु स्वास्थ्य केन्द्रबाट तोकिएका स्रोत केन्द्रबाट गुणस्तर तथा निरोगिता प्रमाणित गरी खरिद गर्नुपर्दछ। पालिकाले उपरोक्त व्यवस्थाहरुलाई वेवास्ता गरी निजी फर्मबाट वा व्यक्तिबाट चौपाया खरिद गरी वितरण गरेको, वितरणको अभिलेख सम्म राखेको संलग्न भौचरमा देखिन्छ। यसबाट खरिद गरिएका चौपायाको गुणस्तरता बारे यकिन गर्न सकिएन साथै निरन्तर अनुगमन गरी अभिलेख नराख्दा वितरित चौपायाबाट लक्षित वर्गले के कती जीवन स्तरमा सुधार ल्यायो, त्यसको लेखाजोखा गर्न सकिएन। साथै यसरी खरिद गर्दा पालिकाको कृषि शाखाका विज्ञबाट गर्नुपर्नेमा समुह, वडा मार्फत वा उपभोक्ता समूहबाट गरेको देखियो। यसरी खरिद गर्न सकिने कानुनी व्यवस्था छैन। पालिकासँग यस सम्बन्धमा जानकारी माग गर्दा गत विगत वर्ष देखि यसरी नै खरिद गर्ने गरेको जानकारी प्राप्त भएको छ। यसरी खरिद गर्ने कार्य नियम सम्मत देखिएन। परीक्षण गरिएका केही उदाहरणहरु निम्नानुसार छन्-

| गो. भौ . नं/मिति | उपभोक्ता समुह वा सहकारी संस्था | विक्रि कर्ताको नाम | वितरण गरिएको विवरण | संख्या | भुक्तानी रकम | अनुदान |
|---|---|---|---|---|---|---|
| ७५५- ०८१।०३। २३ | कुवापानी महिला समूह वडा नं ७ | चाँद पशुफर्म | बाख्रा | ११ | ९६००० | १००.००% |
| ६६३- ०८१।०३। १९ | वडा नं १० | अनुभवी कृषि तथा पशुपन्छी फर्म | बंगुरको पाठापाठी | १५ | ९०००० | ७५.००% |
| ६१५- ०८१।०३। १२ | ईन्द्रवती अपाङ्गता समावेशी कृषक समूह | व्यक्तिबाट | बाख्राको पाठापाठी | ३ | २५००० | १००.००% |
| ५७३- ०८१।०३। ०६ | वडा नं ६ | नमुना बंगुर पालन उद्योग | बंगुरको पाठापाठी | १३ | ११७००० | ७५.००% |
| ५६५- ०३।०५ | पाडी खरिद व्यवस्थापन समिति | चाँद पशु फर्म | भैसीको पाडापाडी | ३५ | ७००००० | ५०.००% |
| २७-२०८१।३। २३ | पाडी खरिद व्यवस्थापन समिति | चाँद पशु फर्म | मूर्रा भैसी | २६ | ३८१९३४ | ५०% प्रतिशत |
| २२-२०८१।२। ३१ | सामूदायिक विकास तथा वातावरण संरक्षण मञ्च | विभिन्न फर्म | बँगुर, रागा, मौरी, बाख्रा | | ३००००० | ७५% प्रतिशत |
| २७-२०८१।३। २३ | पाडी खरिद व्यवस्थापन समिति | चाँद पशु फर्म | मूर्रा भैसी | २६ वटा | ३८१९३४ | ५०% प्रतिशत |
| २२-२०८१।२। ३१ | सामूदायिक विकास तथा वातावरण संरक्षण मञ्च | विभिन्न फर्म | बँगुर, रागा , मौरी , बाख्रा | विभिन्न | ३००००० | ७५% प्रतिशत |

४५ **बिउ विजन खरिद**

कृषकलाई ब्रिडिङ वा अन्य प्रयोजनको लागि खरिद गरिने मकै, धान, गहुँ लगायत बिउविजन तथा मिनिकिट खरिद गर्दा सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदी यस्ता फर्ममा नपाइएमा स्वीकृति लिइ कृषि ज्ञान केन्द्रले तोकेका गुणस्तरिय बिउ बिजन उत्पादन गर्ने श्रोत केन्द्रबाट खरिद गर्नुपर्दछ। खरिद गरिएका बिउबिजनको जर्मिनेशनको परीक्षण पहिचान गरी हावापानी सुहाउदो स्थानमा उपयुक्त बिउ बिजन वितरण गरी सोको अभिलेख पालिकाको कृषि शाखामा राख्नु पर्दछ। तर परीक्षण गरिएका निम्नानुसारका भौचरमा कृषक समुह, कृषक वा कृषि फर्मले निजी फर्म, पसल र व्यक्तिबाट बिउ बिजन खरिद गर्ने र वितरण गरेको भर्पाइ सम्म राख्ने गरेको संलग्न खर्च सम्बन्धी फाँटवारीमा देखिन्छ। यसबाट खरिद गरिएका बिउबिजन गुणस्तर युक्त भए नभएको, लक्षित वर्गले पाए नपाएको, वितरित बिउबिजनबाट अन्य समुदायले लाभ लिए नलिएको एकिन गर्न सकिने अवस्था बारे प्रमाण पेश हुनुपर्दछ।

| गो. भौ . नं/मिति | सहकारी संस्था / उपभोक्ता समिति | आपूर्तिकर्ताको नाम | विवरण | रकम | अनुदान |
|---|---|---|---|---|---|
| ६५६- ०८१।०३। १९ | नवराज थापा | - | कागती बेर्ना | ४४४६० | ५०.००% |
| ६५६- ०८१।०३। १९ | प्रशिद्ध बाख्रापालन फर्म | - | आपँ र लिचिको विरुवा | ७४७५० | ५०.००% |
| ६५६- ०८१।०३। १९ | रेशम थापा | - | कागती र एभोकाडोको विरुवा | ४४४२४ | ५०.००% |
| ६५६- ०८१।०३। १९ | सिमा कृषि तथा पशुपन्छी फर्म | - | अदुवाको बिउ | १५७५०० | ५०.००% |
| ६५६- ०८१।०३। १९ | ठुलीटार एकिकृत कृषक समुह | - | अदुवाको बिउ | १३५००० | ५०.००% |
| ६५६- ०८१।०३। १९ | बि. एम . जी कृषि तथा पशुपालन परुम | - | अदुवाको बिउ | ६६२७५ | ५०.००% |
| ६५६- ०८१।०३। १९ | चौलागाई कृषि तथा पशु फर्म | - | अदुवाको बिउ | ११२५०० | ५०.००% |
| १०५-२०८१।२।३ | चौडाँडा महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. | पाँचखाल एग्रोभेट | मकैको बिउ | १८०००० | ५०.००% |
| १०५-२०८१।२।३ | सेतिदेवी दुग्ध उत्पादक सहकारी संस्था लि. | पाँचखाल एग्रोभेट | मकैको बिउ | १८०००० | ५०.००% |
| ४६७-२०८१।१। २६ | वडा नं. ११ का ११४ जना कृषक | ब्रम्हायणी एग्रोभेट सेन्टर | मकैको बिउ | १९२००० | ५०.००% |
| ४८९-२०८१।२।३ | वडा नं. ९ का २८९ जना कृषक | पाँचखाल एग्रोभेट | मकैको बिउ | ३४०१२० | ५०.००% |
| ५०५-२०८१।२।९ | कुमारी मल्टिपर्पोज एग्रो फर्म | विजय कृषि फर्म | च्याउको बिउ | ७५००० | ५०.००% |
| ५०४-२०८१।२।९ | पाल्चोक कृषि तथा पशुपंक्षी फर्म | कुमारी मल्टिपर्पोज एग्रो फर्म | च्याउको बिउ | ७५००० | ५०.००% |

४६ **उपभोक्ता समिति वा लाभग्राही समुहबाट खरिद**

**गाउँपालिका चालु** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति/लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ। नियममा उपभोक्ता समितिले आफु बसोबास गरेको स्थानमा आवश्यकताको आधारमा निर्माण कार्य वा सो सम्बन्धी सेवा मात्र गर्न पाउने तर मालसामान मात्र खरिद गर्न उपभोक्ता समिति गठन गर्न पाउने देखिदैन। पालिकाको केही खर्च भौचर परीक्षण गर्दा निम्नानुसारका उपभोक्ता समितिले निम्नानुसारका सामाग्रीहरु खरिद गरेको कार्य नियमावली विपरीत भएकोले यस्तो कार्य अनियमित भएको रु.

| गो. भौ . नं/मिति | उपभोक्ता समितिको नाम | फर्मको नाम | सामाग्रीको विवरण | संख्या | रकम |
|---|---|---|---|---|---|
| ७५५- ०८१।०३।२३ | कुवापानी महिला समूह वडा नं ७ | चाँद पशुफर्म | बाख्रा | ११ | ९६००० |
| ६१५- ०८१।०३।१२ | ईन्द्रवती अपाङ्गता समावेशी कृषक समूह | व्यक्तिबाट | बाख्राको पाठापाठी | ३ | २५००० |
| ५६५- ०३।०५ | पाडी खरिद व्यवस्थापन समिति | चाँद पशु फर्म | भैसीको पाडापाडी | ३५ | ७००००० |
| ६५९- ०८१।०३।१९ | टाकुरे तामाङ टोल सामुदायिक समिति | बि. एम ईन्टरप्राइजेज | भाडाकुडा र कुर्सी | विभिन्न | २७४००० |
| | जम्मा | | | | १०९५००० |

| | |
|---|---|
| अनियमित भएको | १०,९५,००० |

४७ **कर संकलन तथा राजस्व**

४७.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २४,२७,५४,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु १८,७६,४३,२६२.०० अर्थात अनुमान भन्दा २२.७० प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४७.२ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले पालिकामा आउने व्यवसायीको मात्र व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ४१,८०,९३०.०० कर सङ्कलन गरेको छ। पालिकाको क्षेत्रभित्र रहेका सबै व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ छ भन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४७.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| **केन्द्रीय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ५७५५९१४३५ | १८७६४३२६२ | २६।७९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २६.७९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४७.४ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **५२,१८४,०४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७.५ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३१७०००००० | २२९८८५५५ | ७२।५२ |
| घरजग्गा वहाल कर | ५०००००० | २३४५८७० | ४६।९१ |
| व्यवसाय कर | ५०००००० | ४१८०९३० | ८३।६१ |
| वहाल विरौटी शुल्क | १०००००० | ३००००० | ३३।३४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४८ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी राखिएको देखिएको छ ।

४९ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २५ देखि ४८ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नं | कामको विवरण | निर्माण कर्ताको नाम | लागत अनुमान VAT र PS सहित | सम्झौता रकम VAT र PS सहित | फरक प्रतिशत |
|---|---|---|---|---|---|
| ०८०।८१-०१ | खड्पुरेश्वर तिनघरे आपँचौर सडक | श्री निर्माण कन्स्ट्रक्सन क्लिन सर्भिसेज काठ्माडौँ १४ | ९५, ७० , २२७।२८ | ५९, ९० , ३०८।६५ | ३७.४१ |
| ०८०।८१-०२ | श्री पुष्पगंगा आ. वि को भवन निर्माण | श्री डि. एस ईन्जिनियरिङ्ग मेलम्ची ११ सि . पा | ८१, ७३ , ८८७।५९ | ५२, ५१ , ८१३।८७ | ३५.७५ |
| ०८०।८१-०३ | बाहुनेपाटि सुकेटार सुर्यकोट सडक स्तरोन्नती वडा नं ५ | श्री डि. एस . ईन्जिनियरिङ्ग , मेलम्ची ११ सि . पा | १, ४६ , ६७ , ४४८।१६ | ७३, ८३ , ३३५।३६ | ४९.६६ |
| ०८०।८१-०४ | नवलपुर लहरेमाने मानेडाँडा सिम्पालकाभ्रे सडक स्तरोन्नती | श्री ए. भी . जी . सिन्धु जे . भी मेलम्ची १३ सि . पा | ३, २२ , ३४ , ०१०।७८ | १, ९९ , १५ , ४१५।५० | ३८.२२ |
| ०८०।८१-०५ | चिउरी वोट नदी निरन्त्रण ११ | श्री आर. डि . आर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा . ली ईन्द्रावती ४ सि . पा | १९, १८ , २५७।८० | ११, ९८ , ८१७।७६ | ३७.५ |
| ०८०।८१-०६ | नवलपुर विमिरे सडक स्तरोन्नती | श्री आर. डि . आर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा . ली ईन्द्रावती ४ सि . पा | ७३, ४० , ४९३।०१ | ३८, २१ , ७८७।५६ | ४७.९४ |
| ०८०।८१-०७ | स्वारागाँउ बँसे खानेपानी योजना निर्माण | श्री नारायणथान निर्माण सेवा प्रा. ली ईन्द्रावती – ५ सि . पा | ५०, ५७ , ८९०।४४ | ३२, ३१ , ३११।७९ | ३६.११ |
| ०८०।८१-०८ | आइतबारे गहते सिंचाई योजना निर्माण | श्री आर. डि . आर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा . ली ईन्द्रावती ४ सि . पा | ३०, ४१ , ३०६।३७ | २१, ६७ , ३५९।४७ | २८.७४ |
| ०८०।८१-०९ | यलि लिफ्ट खानेपानी योजना निर्माण | श्री मोक्तान एण्ड टिम विल्डर्स प्रा. ली , नमोबुद्ध ९ काभ्रे | ३१, ६९ , ६६०।५२ | २७, ९९ , २४५।९९ | ११.६९ |
| ०८०।८१-१० | विन्दवासिनी मन्दिर निर्माण वडा नं ७ | श्री सिन्धु काभ्रे कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. ली ईन्द्रावती ६ सि . पा | ३०, ७५ , १११ | २२, ४४ , २९१।३८ | २७.०२ |
| ०८०।८१-११ | गोल्माथान गडगडे सडक स्तरोन्नती वडा नं ५ र ६ | श्री नारायण थान निर्माण सेवा प्रा. ली ईन्द्रावती ५ सि . पा | ७६, ७८ , २८५।२५ | ४५, ०३ , ५८४।६० | ४१.३५ |
| ०८०।८१-१२ | बाहुनेपाटि सुकेटार सुर्यकोट डडुवाखर्क सडक स्तरोन्नती वडा नं ५ | श्री नारायण थान निर्माण सेवा प्रा. ली ईन्द्रावती ५ सि . पा | १९, २१ , १७८।७७ | १२, ९४ , ०८८।४१ | ३२.६४ |
| ०८०।८१- | राजकुमार स्मृति खानेपानी आयोजना वडा नं ३ | श्री सिंहमती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. ली ईन्द्रावती ३ सि . पा | ३३, ३२ , १४८।७२ | २४, ४९ , ३५०।२० | २६.४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | | | | | |
| ०८०।८१-१४ | आधारभुत स्वास्थ्य चौकी भवन निर्माण वडा नं ६ | श्री निर्मल कन्स्ट्रक्सन क्लिन सर्भिसेज काठ्माडौँ १४ | ४३, ३४ , ९८१।८८ | ३२, ३१ , ४४५।७२ | २५.४६ |
| ०८०।८१-१५ | आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं ५ | श्री डि. एस इन्जिनियरिङ्ग मेलम्ची ११ सि . पा | ४५, ६१ , ५७५।८३ | ३१, ११ , ६०७।६४ | ३१.७९ |
| ०८०।८१-१६ | आधारभुत स्वास्थ्य चौकी भवन निर्माण वडा नं ३ | श्री एलान निर्माण सेवा ईन्द्रावती १ सि. पा | ४४, ७७ , ४१५।८३ | २९, १६ , ३३४।८६ | ३४.८७ |
| ०८०।८१-१७ | नवलपुर प्राथामिक अस्पताल तथा गाउँ पालिकाको कर्मचारीको लागि आवाश भवन निर्माण | श्री निमर्ल कन्स्ट्रक्सन क्लिन सर्भिसेज काठ्माडौँ १४ | ४७, २१ , ४००।३९ | ३१, ६१ , १६७।८६ | ३३.०५ |
| ०८०।८१-१८ | घेराबार तथा भु सवलीकरण गर्ने काम वडा नं ६ कार्यालय | श्री सिन्धु काभ्रे कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. ली ईन्द्रावती ६ सि . पा | ४४, ८९ , ९४९।३९ | २८, २६ , ३६०।२३ | ३७.०५ |
| ०८०।८१-१९ | ईन्द्रावती रंगशालामा भु सवलीकरण गर्ने कार्य | श्री सिन्धुसेनी कन्स्ट्रक्सन एण्ड रियलस्टेट प्रा. ली गोकर्णेश्वर काठ्माडौँ । | १९, ५० , ०७७।४३ | १३, ३३ , ७८०।३२ | ३१.६ |
| ०८०।८१-२० | वडा नं ४ कार्यालय भवनको तला थप | श्री आर. डि . आर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा . ली ईन्द्रावती ४ सि . पा | २९, ६२ , ८२५।१० | १९, ९३ , ९७० | ३२.७ |
| ०८०।८१-२१ | सिम्पाल काभ्रे स्वास्थ्य चौकी भवन निर्माण | श्री शोभा भगवती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. ली चाँगुनारायण ५ | ४६, १० , ३६२।२७ | ३०, ०९ , ९७७।७४ | ३४.७१ |
| ०८०।८१-२२ | आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं २ | श्री आर. डि . आर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा . ली ईन्द्रावती ४ सि . पा | ४९, १८ , ८५२।४९ | ३३, ०४ , १४४।९५ | ३२.८३ |
| ०८०।८१-२३ | ईन्द्रावती नदी नियन्त्रण कार्य वडा नं १२ ( चमेरे टुडा र सिपाघाट पुलमुनी ) | श्री सालिन।एलान जे. भि ., चौतारा ५ सि . पा | ९६, ०८ , ८२९।८५ | ५६, ५४ , ८४३।८३ | ४१.१५ |
| | | जम्मा | १४, ७८ , १६ , १७६।१५ | ९, २७ , ९४ , ३४३।६६ | |

## ५० **आयोजना हस्तान्तरण**

सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु १३ करोड ७८ लाख ७० हजार खर्च गरी आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको

व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जानसक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

५१ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५२ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५३ **टोल विकास संस्थाबाट काम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ मा संघ संस्थाबाट निर्माण कार्य गराउन सकिने देखिँदैन । सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७ मा उपभोक्ता समूहबाट र नियम ९७(क) मा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । तर पालिकाले स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७५ को दफा १४ मा टोल विकास संस्थाबाट निर्माण कार्य गराउन सकिने व्यवस्था गरेको छ । यस वर्ष पालिकाले ६ वटा टोल विकास संस्था मार्फत रु. ९८,४५,०१०।– को विभिन्न निर्माण कार्य उपभोक्ताले गरे सरहको योगदान गरी कार्य गराएको देखियो । यस सम्बन्धमा पालिका अदक्ष्य सहितको रोहबरमा छलफल हुँदा टोल विकासबाट काम गराउँदा टोल विकास एक स्थायी संस्था भएको, पालिकामा दर्ता, नविकरण तथा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बल लिएकोले कार्य गराउँन सजिलो हुँने जानकारी दिएको छ । तर यस्था संस्थाका पदाधिकारीहरु ९ जना सम्म मात्र हुँने, संस्थाहरु निर्माण व्यवसायी रुपमा कार्य गर्ने र पालिकाले लागत अनुमानकै दरमा कार्य गर्न दिँदा वास्तविक उपभोक्ताहरु नरहेको स्थिति छ । यस सम्बन्धमा पुर्विचार हुनु पर्दछ ।

| भौचर नं | मिति | संस्थाकोनाम | पान नं | वडा नं | कामकोविवरण | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|---|
| पुँजिगत 10 1 | १०/२९/२०८० | अर्चले टोलविकास संस्था | ६१९२२८७५० | ८ | कृषि सडकमर्मत | २८३१९० |
| पुँजिगत 175 | १२/०४/२०८० | अर्चले टोलविकास संस्था | ६१९२२८७५० | ८ | समाधी स्थल | ७५१८७४ |
| चालु 466 | ०१/२६/२०८१ | अर्चले टोलविकास संस्था | ६१९२२८७५० | ८ | सडक | ९३९८९ |
| चालु 596 | ०३/०९/२०८१ | अर्चले टोलविकास संस्था | ६१९२२८७५० | ८ | सडक | ३५०३१२ |
| पुँजिगत३४७ | ०३/१३/२०८१ | अर्चले टोलविकास संस्था | ६१९२२८७५० | ८ | सामुदायिकभवन | ७३४९९८ |
| | | ***जम्मा*** | | | | ***२२१४३६३*** |
| पुँजिगत४०८ | ०३/२२/२०८१ | अलिपुरकालिवन टोल विकास संस्था | ६१९३२९९०७ | ८ | लिफ्ट खापा | ७१७१८४ |
| | | जम्मा | | | | ७१७१८४ |
| चालु६०३ | ०३/०९/२०८१ | छाचोकविसमुरे टोल विकास संस्था | ६१९२३१०५१ | ८ | सडक | १७०६८० |
| पुँजिगत२३७ | ०१/२५/२०८१ | छाचोकविसमुरे टोल विकास संस्था | ६१९२३१०५१ | ८ | चौतारीनिर्माण | १८५९११ |
| | | जम्मा | | | | ३५६५९१ |
| पुँजिगत९२ | १०/१९/२०८० | ज्यामिरेमानेसिम्बारी खर्क टोल बिकास संस्था | ६१९२३७५८३ | ८ | सिंढीनिर्माण | २८०५२० |
| पुँजिगत९५ | १०/२५/२०८० | ज्यामिरेमानेसिम्बारी खर्क टोल बिकास संस्था | ६१९२३७५८३ | ८ | खेलमैदाननिर्माण | ८५४६७७ |
| पुँजिगत१८७ | १२/१४/२०८० | ज्यामिरेमानेसिम्बारी खर्क टोल बिकास संस्था | ६१९२३७५८३ | ८ | खानेपानीमर्मत | ३७७०२३ |
| पुँजिगत१८८ | १२/१४/२०८० | ज्यामिरेमानेसिम्बारी खर्क टोल बिकास संस्था | ६१९२३७५८३ | ८ | सिंचाईयोजना | ५६६३९४ |
| पुँजिगत३८६ | ०३/२०/२०८१ | ज्यामिरेमानेसिम्बारी खर्क टोल बिकास संस्था | ६१९२३७५८३ | ८ | एक घर एकधारा खानेपानी | ६५१२६५ |
| | | ***जम्मा*** | | | | ***२७२९८७९*** |
| पुँजिगत२९८ | ०२/२५/२०८१ | तल्लोगहते टोल विकास संस्था | ६१९२८०६५१ | ८ | सडकस्तरोन्नती | १४१२२६५ |
| पुँजिगत३७४ | ०३/२०/२०८१ | तल्लोगहते टोल विकास संस्था | ६१९२८०६५१ | ८ | सडकनिर्माण | ३६८५४० |
| पुँजिगत३८३ | ०३/२०/२०८१ | तल्लोगहते टोल विकास संस्था | ६१९२८०६५१ | ८ | वडाकार्यालय भवन संरक्षण तथा मर्मत | ५४९०७५ |
| पुँजिगत४५ | ०७/२३/२०८० | तल्लोगहते टोल विकास संस्था | ६१९२८०६५१ | ८ | आपतकालिनस्थानिय मोटर बाटो मर्मत | १४१६७६ |
| | | ***जम्मा*** | | | | ***२४७१५५६*** |
| पुँजिगत९६ | १०/२५/२०८० | माख्लोगहते टोल विकास संस्था | ६१९२०३७०४ | ८ | मोटर बाटोमर्मत सुधार | ३७२७३७ |
| चालु३५४ | १२/०१/२०८० | माख्लोगहते टोल विकास संस्था | ६१९२०३७०४ | ८ | सडक | ९३८३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पुँजिगत२१३ | ०१/०६/२०८१ | माख्लोगहते टोल विकास संस्था | ६१९२०३७०४ | ८ | सिढिनिर्माण | ६५७२५९ |
| पुँजिगत२६५ | ०२/०९/२०८१ | माख्लोगहते टोल विकास संस्था | ६१९२०३७०४ | ८ | सिंचाई | १८७३३६ |
| चालु५०७ | ०२/०९/२०८१ | माख्लोगहते टोल विकास संस्था | ६१९२०३७०४ | ८ | सडक | ९४४९३ |
| पुँजिगत२७१ | ०२/१६/२०८१ | माख्लोगहते टोल विकास संस्था | ६१९२०३७०४ | ८ | वस्तीसंरक्षण | ६५७३१६ |
| चालु६४२ | ०३/१८/२०८१ | माख्लोगहते टोल विकास संस्था | ६१९२०३७०४ | ८ | सडक | २११९६१ |
| चालु६६१ | ०३/१९/२०८१ | माख्लोगहते टोल विकास संस्था | ६१९२०३७०४ | ८ | सडक | ७७७५८० |
| पुँजिगत४०१ | ०३/२१/२०८१ | माख्लोगहते टोल विकास संस्था | ६१९२०३७०४ | ८ | खानेपानी | ४६६८८८ |
| चालु७१६ | ०३/२२/२०८१ | माख्लोगहते टोल विकास संस्था | ६१९२०३७०४ | ८ | सडक | ५०४०० |
| | | *जम्मा* | | | | *३५६९८००* |
| | | *कुल जम्मा* | | | | *९८४५०१०* |

५४ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ तथा नियम १२५ मा निर्माणको सामान आपूर्ति भएपछि सोको कार्य स्वीकार एवं कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। देहायको निर्माण व्यावसायीबाट पोलिथिन पाइप खरिद गरेकोमा कुन कुन स्थानमा पाइप प्रयोग भएको हो सोको पालिकाले पाइप राख्न खनेको र पुरेकोसहितको स्टिमेट र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| **भौ.नं. र मिति** | **निर्माण व्यवसायीको नाम** | **विवरण** | **भुक्तानी** |
|---|---|---|---|
| ४२०-२०८१।३।२३ | श्री देवी ट्रेड एण्ड सप्लायर्स | ८६९४ विभिन्न साइजका पोलिथिन HDEP पाइप | ६१३७०६ |
| जम्मा | | | ६१३७०६ |

( ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **१९९,६३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१३,७०६ |

५५ **उपभोक्ता समितिले गर्न नहुने काम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति/लाभग्राही समुदायबाट श्रम मुलक काम गराउने व्यवस्था छ। उपभोक्तासँग प्राविधिक ज्ञान, सिप र पुँजी समेत नभएको अवस्थामा निम्न अनुसारका जटिल कामसमेत उपभोक्ताबाट गराएको छ । भवन निर्माण जस्तो कामको प्राविधिक परीक्षण एवं जाँच पास समेत नहुँदा गुणस्तर बारे यकिन समेत गर्न सकिएन । पालिकाको केही खर्च भौचर परीक्षण गर्दा निम्नानुसारका उपभोक्ता समितिले निम्नानुसारका कार्य गरेको नियमावली विपरीत भएकोले यस्तो कार्य अनियमित भएको रु.

| भौ.नं. र मिति | उपभोक्ताको नाम | विवरण | भुक्तानी |
|---|---|---|---|
| ३९६-२०८१।३।१९ | पारीगाँउ सामूदायिक भवन निर्माण उ.स., वडा नं २ | भवन निर्माण | ९४९८०३ |
| ३६६-२०८१।३।१९ | वडा कार्यालय टायल मार्बल बिछ्याउने उ.स. , वडा नं ९ | भवन मर्मत | ४८५००० |
| २७३-२०८१।२।२१ | साबिक वडा नं ५ को समूह भवन निर्माण उ.स. | भवन मर्मत | ९६०००० |
| १८२-२०८०।१२।९ | वडा नं ११ कार्यालय पर्खाल उ.स. | वडा पर्खाल | १२४८००० |
| १४३-२०८०।११।१६ | वडा नं १२ भिमटार स्वास्थ्य चौकी | एम्बुलेन्स मर्मत | ७००००० |
| जम्मा | | | ४३४२८०३ |

| | |
|---|---|
| अनियमित भएको | ४३,४२,८०३ |

५६ **सिधै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रू. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रू. २० लाख सम्म सिलबन्दी दरभाउभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासँग सीमाभन्दा बढि सोझै खरिद गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले पूजिँगत र चालु किसिमका विभिन्न वस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई देहायका फर्महरुबाट सोझै खरिद गरेको देखिन्छ। पालिकाले एकै किसिमका सामग्रीहरु लागत अनुमान बनाई बोलपत्र आह्वान विधिबाट खरिद गर्नुपर्दछ। केही उदाहरण निम्न अनुसार छन्

| **भौ.नं. र मिति** | **आपूर्तकको नाम** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ४३६-२०८१।३।२३ | लम्फी ए.एस. इन्टरप्राइजेज | फर्निचर | ५११८३३ |
| ३९७-२०८१।३।२१ | के.बि.एस. मल्टीप्रपोज क. प्रालि | कार्यालय सामाग्री | २०४५७५ |
| २७८-२०८१।२।२४ | श्री टेक्नोलोजी प्रालि | ल्यापटप, प्रिन्टर | २१३५७० |
| २७८-२०८१।२।२४ | सेवा कम्प्यूटर सेन्टर | ल्यापटप | २८६४५५ |
| २७५-२०८१।२।२२ | राधिका इन्टरनेशनल प्रालि | ल्यापटप, प्रिन्टर | १७९६७० |

५७ **ठेकेदारबाट काम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिका लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने छ । कुनै निर्माण व्यावसायी वा सव कन्स्ट्र्याक्टरबाट काम गराउन सकिने छैन भन्ने व्यवस्था छ ।उपभोक्ताले रकम भुक्तानी लिन पेश गरेको कार्य विल, विल भर्पाई लगायतको कागजात परीक्षण गर्दा कार्य विलमा मानिसले काम गरेको देखिदैन। सबै काम मेशिनबाट कटिङ्ग मात्र गरेको देखिएको छ। पालिकाले निर्माण व्यावसायीबाट गराएको केही कामको परीक्षण गर्दा उपभोक्ताले सम्झौता गरी निर्माण व्यवसायीबाट काम गराएको देखियो । उक्त निर्माण कार्य नियम सम्मत नदेखिएको रु.

| भौ.नं. र मिति | उपभोक्ताको नाम | भुक्तानी | निर्माण व्यवसायीको नाम | भुक्तानी |
|---|---|---|---|---|
| ३७६-२०८१।३।२० | भुतखोला भुमेनाथ कृषि सडक उ.स. | १४३३२९ | उत्रिश्रणा कन्स्ट्रक्सन समेत | २१७१०१ |
| ३७४-२०८१।३।२० | तल्लो गहतेटोल विकास संस्था | ३७६१८९ | उत्रिश्रणा कन्स्ट्रक्सन समेत | ५७६२०० |
| २५६-२०८१।२।२ | पोखरी स्वेत चिउरी फाँट अमलचारी मोटरबाटो उ.स. | २८८००० | आविष्कार निर्माण सेवा समेत | ३५७८३२ |
| १५८-२०८०।११।२९ | सूर्यकोट चप्लेटी नयाँ ट्र्याक नि.उ.स. | ५६३३९० | आर.डि. निर्माण सेवा समेत | ६२२००० |
| जम्मा | | १३७०९०८ | | |

| | |
|---|---|
| अनियमित भएको | १३,७०,९०८ |

५८ **बिमा खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । देहायका निर्माण व्यवासायीले त्रुटी सच्याउने अवधिसम्म विमा गरेको प्रमाण संलग्न फाँटवारीमा नदेखिएको हुँदा सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| सि.नं. | निर्माण व्यवसायीको नाम | विवरण | सम्झौता रकम | बिमा खर्च |
|---|---|---|---|---|
| १ | निर्मल कन्स्ट्रक्सन | खड्पुरेश्वर तीनचौर सडक | ५९७०२२७.२३ | ३०००० |
| २ | डि.एस. इन्जिनियरिङ्ग | पूष्प गंगा आ.वि. भवन | ५२५१८१३ | २८६४२ |
| ३ | डि.एस. इन्जिनियरिङ्ग | बाहुनेधारा सुकेटार सुर्यकोट सडक-५ | ७३८३३२५ | २८६०२ |
| ४ | आर.डि.आर कन्स्ट्रक्सन | नवलपुर ज्यामिरे सडक-४ | ३८४०४९३ | २०९६१.९४ |
| जम्मा | | | | १०८२०५.९४ |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४८,९५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,२०५.९४ |

५९ **राजस्व**

पालिकाले IEE को प्रतिवेदन अनुसार वडा नं. ५, ६, १०, ११ र १२ नं. भित्र पर्ने १९ किमि लम्बाई भित्रको इन्दावती नदीबाट दहत्तर बहत्तर (ढुङ्गा, गिट्टी, बालुवा, माटो) १६१०६१८७.६६ घन मिटर परिमाण तोकि मु.अ.कर बाहेक रु. १४४९५५६८९.९० न्यूनटम मूल्य कायम गरी मिति २०८०।१।२ इविडिङ्गबाट ३० दिने सूचना प्रकाशित गरिएको थियो । उक्त सूचनामा विड नपरेपछि पुन २०८०।२।१७ गते पुन परीमाण घटाई १४४९५९६८.८९ घन मिटरको मु.अ.कर बाहेक रु. १३०४६०१२०।– मा ई विडिङ्ग मार्फत ३० दिने सूचना प्रकाशित गरेकोमा एक मात्र कर संकलन तिन पिप्ले निर्माण सेवा (६१०२७८६८) को मु.अ.कर बाहेक रु. १३१९९९९९।– मा विडिङ्ग गरेकोमा कार्यालयले उक्त निर्माण सेवा मिति २०८०।३।३१ मा संझौता गरेकोमा निम्नानुसार देखिन आयो ।

५९.१ सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को उपदफा ४(क) मा एक पटक बोलपत्र नपरेमा १५ दिनको सूचना दिई बोलपत्र आह्वान गर्नुपर्ने र त्यस अनुसार पनि बोलपत्र नपरेमा उपनियम (५) अनुसार पुनः ७ दिनको सूचना दिई बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले उपरोक्त विधि पालना नगरी एकैपटक परीमाण घटाई पुनः ३० दिनको म्याद दिई बोलपत्र माग गरेको नियमको परिपालना भएको देखिएन ।

५९.२

मु.अ.कर ऐन, २०५२ मा असुल भएको राजस्व अर्को महिना २५ गते भित्र दाखिला गरि सक्नुपर्ने व्यवस्था छ। साथै मु.अ.कर ऐन, २०५२ को दफा २९ तथा मु.अ.कर नियमावली, २०५३ को नियम ३० अनुसार अतिरिक्त दस्तुर १० प्रतिशत तथा ब्याज १५ प्रतिशत ले हुने रकम दाखिला गर्नुपर्ने व्यवस्था छ । कर संकलकले देहाय अनुसार पठाउनुपर्ने मुल्य अभिवृद्धि कर ढिला दाखिला गरेको हुँदा ढिला अवधिको शुल्क जरिवाना तथा ब्याज समेत हिसाब गरि दाखिला गर्नुपर्ने रु.

| दाखिला गर्नुपर्ने मिति | दाखिला मिति | रकम | ढिला दिन | ब्याज (१५%) | शुल्क (१०%) | जम्मा |
|---|---|---|---|---|---|---|
| २०८०।५।२५ | २०८०।१०।२३ | ४२९०००० | १४८ | २६०९२६ | १७३९५०.६८ | ४३४८७६.६८ |
| २०८०।१०।२५ | २०८१।१।२६ | ६८६४००० | ९१ | २५६६९४.८ | १७११२९.६८ | ४२७८२४.६६ |
| जम्मा | | | | | | ८६२७०१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,६२,७०१ |

५९.३ कर संकलकले देहाय अनुसारको किस्ता ढिला दाखिला गरेकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ को उपदफा (२) मा १० दिन भन्दा राजस्व रकम ढिला दाखिला गरेका वार्षिक १० प्रतिशतले जरिवाना लाग्ने उल्लेख छ । कर संकलकले देहाय अनुसार राजस्व रकम ढिला दाखिला गरेको देखिएकोले निजबाट रु. २७४५१७६.४३ असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

| क्र स | बुझाउनु पर्ने मिति | बुझाएको मिति | रकम रु | ढिला दाखिला दिन | ब्याज १०% बार्षिक | १ दिनको ब्याज | ब्याज जरिवाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०८०।०३।३१ | ५।२५ | २५०००००० | ५५ | २५०००० | ६८४.९३ | ३७६७१.२३ | |
| | | ६।९ | २५०००००० | ६९ | २५०००० | ६८४.९३ | ४७२६०.२७ | |
| | | ६।१८ | २५०००००० | ७८ | २५०००० | ६८४.९३ | ५३४२४.६६ | |
| | | ६।२३ | २५०००००० | ८३ | २५०००० | ६८४.९३ | ५६८४९.३२ | |
| | | ६।३० | २५०००००० | ९० | २५०००० | ६८४.९३ | ६१६४३.८४ | |
| | | ७।२४ | २५०००००० | ११४ | २५०००० | ६८४.९३ | ७८०८२.१९ | |
| | | ८।१३ | २५०००००० | १३३ | २५०००० | ६८४.९३ | ९१०९५.८९ | |
| | | ८।१८ | २५०००००० | १३८ | २५०००० | ६८४.९३ | ९४५२०.५५ | |
| | | ८।२२ | २५०००००० | १२२ | २५०००० | ६८४.९३ | ८३५६१.६४ | |
| | | ९।०४ | २५०००००० | १५४ | २५०००० | ६८४.९३ | १०५४७९.४५ | |
| | | ९।१२ | २५०००००० | १६२ | २५०००० | ६८४.९३ | ११०९५८.९० | |
| | | ९।२१ | ८०००००० | १७१ | ८००००० | २१९१.७८ | ३७४७९४.५२ | |
| | | ९।२४ | १७९०००० | १७४ | १७९००० | ४९०.४१ | ८५३३१.५१ | २१०००००० लाख प्राप्त ३१०००० बढि दाखिला |
| | ३७२९०००० | | ३७२९०००० | | | | १२८०६७३.९७ | |
| | | | | | | | | |
| २ | २०८०।०९।२९ | १०।२१ | ५०००००० | २१ | ५००००० | १३६९.८६ | २८७६७.१२ | |
| | | ११।०५ | ५०००००० | ३५ | ५००००० | १३६९.८६ | ४७९४५.२१ | |
| | | ११।२६ | ५०००००० | ५६ | ५००००० | १३६९.८६ | ७६७१२.३३ | |
| | | १२।०१ | ५०००००० | ६१ | ५००००० | १३६९.८६ | ८३५६१.६४ | |
| | | ०१।१२ | ३९३५४००० | १०२ | ३९३५४०० | १०७८१.९२ | १०९९७५५.६२ | bank guarantee बाट प्राप्त |
| | ५९६६४००० | | ५९३५४००० | | | | १३३६७४१.९२ | ३१०००० अघिल्लोमा दाखिला |
| | | | | | | | | |
| ३ | २०८१।०२।३१ | १।१२ | ५०००००० | | | | | |
| | | १।२५ | ५०००००० | | | | | |
| | | २।१६ | १०००००००० | | | | | |
| | | ३।४ | १०००००००० | | | | | |
| | | ३।२१ | २२२०५९९९ | २१ | २२२०६०० | ६०८३.८४ | १२७७६०.५४ | bank guarantee बाट प्राप्त |
| | ५२२०५९९९ | | ५२२०५९९९ | | | | १२७७६०.५४ | |
| कुल जम्मा | | | | | | | २७४५१७६.४३ | |

| असुल गर्नुपर्ने | २७,४५,१७६.४३ |
|---|---|

५९.४ कर संकलकसँग सम्झौता गर्नु अगावै सूचनामा उल्लेख भए अनुसार तोकिएको रकम मु.अ.कर सहित रु. ३७२९००००।– पालिकामा दाखिला हुनु पर्दछ । पालिकाले उक्त रकम दाखिला नभई मिति २०८०।३।३१ गते सम्झौता भएको छ । सम्झौता भएपछि कर संकलकले प्रभु बैंकको निम्न अनुसारको चेक पालिकामा दिएको देखिन्छ ।

| मिति | चेक नं. | चेक रकम |
|---|---|---|
| २०८०।४।४ | C०००१४०५८२७ | १२५००००० |
| २०८०।४।५ | V०००१४०५८३० | १२२००००० |
| २०८०।४।१० | J०००१४०५८२७ | १२५००००० |
| २०८०।५।२७ | C०००१४०५८३५ | २५००००० |
| जम्मा | | ३७२९०००० |

कर संकलकले पालिकाको नाममा जारी गरेको खातामा रकम नभएकोले चेक नै बाउन्स (Invalid) भएको छ । पालिकाले रकम दाखिला गर्न अगावै सम्झौता गर्ने कार्यालय प्रमुख सहित जिम्मेवार पदाधिकारी र रकम नभएको चेक जारी गर्ने कर संकलकलाई समेत प्रचलित कानून अनुसार जिम्मेवार बनाउनु पर्दछ ।

६० **शिक्षा**

शिक्षा तर्फ देखिएका व्यहोरा यस प्रकार छन्ः

६०.१ (१५८-२०८१-३-२१):

**खुला विद्यालय** - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को २.८.६ क्रियाकलाप नं. २.७.१३.११ को बुँदा नं. ६.१ अनुसार खुला विद्यालय (कक्षा ९-१०) सञ्चालन अनुदान प्रति विद्यालय वार्षिक रु. १ लाख ५२ हजार अनुदान दिने व्यवस्था छ । साथै बुँदा नं. ६.५ खुल्ला विद्यालय कक्षा (९-१०) सञ्चालन अनुदान अन्तर्गत विद्यालयले कार्यक्रम सञ्चालन प्रक्रियाका सम्बन्धमा दूर शिक्षा तथा खुला तोकिए अनुसार एकमुष्ट रुपमा विद्यालयलाई अनुदान दिने, विलालयले कार्यक्रम सञ्चालन प्रक्रियाका सम्बन्धमा दूर शिक्षा तथा खुला सिकाइ निर्देशिका, २०६३ र खुला विद्यालय सञ्चालन कार्यान्वियन पुस्तिका अनुसार गर्ने, विद्यालयले प्राप्त रकमलाई कार्यक्रम सञ्चालनका लागि कार्यान्वियन पुस्तिकामा तोकिएको शिर्षकमा रु. १३८३००।– खर्च गर्न उल्लेख छ। शिक्षा विकास तथा समन्वय इकाइको पत्र संख्या २०८०।८१ च.नं. २१७४ मिति २०८१।३।९ को पत्रा अनुसार श्री राजेश्वरी विद्यालयमा अनौपचारिक खुल्ला प्रौढ विद्यालय तर्फ शैक्षिक सत्र २०८० मा ५ जना विद्यार्थीहरुले SEE आवेदन फारम भरेको कार्यालयको अभिलेखबाट अनुसार खुला विद्यालय घोषणा भएको देखिन्छ। पालिकाले शैक्षिक पहुँच सुनिच्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत श्री राजेश्वरी माध्यमिक विद्यालयलाई रु. ४२००००।– अनुदान दिएको छ । कार्यान्वियन पुस्तिका उल्लेख भएको भन्दा रु. २६८०००।– बढी निकासा भएको रकम असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,६८,००० |
|---|---|

६०.२ **विद्यालयको शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को बुँदा नं. २.८.९ क्रियाकलापन नं. २.७.१३.१३ विद्यालयको शैक्षिक गुणस्तर सुदृढ्धीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ। विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन तथा ICT व्यवस्थापन अन्तर्गत देहायका विद्यालयले तपसिलका कागजात पेश नगरी गरी रु. २५६५२४१।- भुक्तानी गरेको छ । पालिकाले देहायको विद्यालहरुलाई रु. २५६५२४१।- निकासा भएकोमा सो कार्य भए नभएको यकिन गरी कागजात पेश गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | विवरण | रकम | खुद भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सरस्वती आधारभुत विद्यालय | विज्ञान प्रयोगशाला | ६५०००० | १२८२४९७ | कार्य सम्पन्न प्रतिवेदन |
| | | ICT प्रयोगशाला | ६४९७५० | | कार्य सम्पन्न प्रतिवेदन |
| २ | श्री बालबालिका आधारभूत विद्यालय | पुस्तकालय निर्माण | ६५०००० | १२८२७४४ | कार्य सम्पन्न प्रतिवेदन |
| | | विज्ञान प्रयोगशाला | ६५०००० | | कार्य सम्पन्न प्रतिवेदन |
| जम्मा | | | | २५६५२४१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,६५,२४१ |

६०.३ **बहु कक्षा** - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. २.७.१३.१० को बुँदा नं. ५.१० बहुकक्षा विद्यालयलाई सामग्री अनुदान विगतदेखि नै बहुकक्षा बहुस्तर शिक्षण विधिबाट पठन पाठन गरी कार्यक्रम सञ्चालनको निरन्तरता पाएको सुनिश्चित गरी त्यस्ता विद्यालयहरुलाई अनुदान उपलब्ध गराउने । स्थानीय तहले विद्यालयलाई अनुदान माग गर्न लगाउने । कुनै विद्यालयलाई अन्य सङ्घ/संस्थाबाट अनुदान प्राप्त भएको भए दोहोरो नपर्ने गरी अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले देहायका विद्यालयहरुलाई माग फारम बेगर रु. ६५००००।- अनुदान दिएको छ। सो विद्यालयहरुले दोहोरो अनुदान लिए नलिएको एकिन हुन सकिएन पालिकाले विद्यालयको माग फारम माग गरी दोहोरो अनुदान नलिएको सो घोषणा गरेपछि मात्र अनुदान दिनुपर्दछ ।

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री पञ्चकन्या आ.वि. ज्यामिरेमाने | ५०००० |
| २ | श्री सरस्वती आ.वि. पाटीगाउँ | ५०००० |
| ३ | श्री परोपकार आ.वि. | ५०००० |
| ४ | श्री जलेश्वरी आ.वि. | ५०००० |
| ५ | श्री सुर्यकरण आ.वि. | ५०००० |
| ६ | श्री भिमसेन आ.वि. | ५०००० |
| ७ | श्री जुंगेपञ्चकन्या आ.वि. | ५०००० |
| ८ | श्री कालिका आ.वि. सुर्यकोट | ५०००० |
| ९ | श्री सरस्वती आ.वि. क्ञ्चोक | ५०००० |
| १० | श्री टाकुरे आ.वि. | ५०००० |
| ११ | श्री चन्द्रवती आ.वि. | ५०००० |
| १२ | श्री सुर्योदय आ.वि. | ५०००० |
| १३ | श्री पञ्चकन्या आ.वि. भिमटार | ५०००० |
| जम्मा | | ६५०००० |

६०.४ (१२६-२०८१-३-६):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६०.५ (१३१-२०८१-३-९):

**प्रोत्साहन अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१, को २.८.९ क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा नं. ९.३ शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासन उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयहरुमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने, उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्धितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने उल्लेख छ। पालिकाले कमलादेवी माध्यमिक विद्यालयलाई कक्षा ८ को नतिजालाई आधार मानि वार्षिक औषत सिकाई उपलब्ध दोस्रो स्थानमा प्राप्त अंकका आधारमा रु. २०००००।– अनुदान उपलब्ध गराएको छ । कार्यान्वयन पुस्तिकामा उल्लेख भएको विद्यार्थी संख्या भएका विद्यालयलाई अनुदान उपलब्ध गराउनुपर्नेमा कमलादेवी माध्यमिक विद्यालयको जम्मा विद्यार्थी संख्या १७९ मात्र भएकोले मापदण्डमा उल्लेख भएको व्यवस्था विपरीत अनुदान उपलब्ध गराएको रु. २०००००।- नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

६०.६ **विद्यालयको लेखापरीक्षण** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को अनुसूची-१४ को क्रम संख्या ७ अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्नर्गत सामाजिक परिक्षण, लेखापरीक्षण लगायतका अन्य कार्य वापत आधारभुत तहका विद्यालयहरुलाई १० हजार र माध्यमित तहका विद्यालयहरुलाई १५ हजारका दरले देहायका विद्यालयहरुलाई २०७९।८० को लेखापरीक्षण गर्न रकम उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन। लेखापरीक्षण प्रतिवेदन बेगर श्री नमोबुद्ध आ.वि. लाई रु. १५०००।- भुक्तानी भएकोमा लेखापरीक्षण प्रतिवेदन पेश नभएको रु.

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री नमोबुद्ध आ.वि. | १५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००० |

६०.७ (१००-२०८१-२-१):

**परिक्षा सञ्चालन** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.७.१३.३०२ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण शिर्षक अन्तर्गत कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थि मूल्याङ्कनको लागि प्रति विद्यार्थी वार्षिक रु. २७५।– का दरले खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय ससर्त अनुदानबाट रु. ४३९४८७।– खर्च गरेको छ । यस पालिकाको २०८० को IEMIS को विवरण अनुसार सामुदायिक विद्यालय

अन्तर्गत कक्षा ८ का ५०५ जना विद्यार्थीको रु. २७५।– का दरले रु. १३८८७५।– खर्च गर्नुपर्नेमा रु. ४३९४८७।– खर्च गरेकोले रु. ३००६१२।– बढी खर्च गरेको रकम असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,००,६१२ |
|---|---|

६०.८ (१६५-२०८१-३-२२):

**ICT व्यवस्थापन -१**६५-२०८१।३।२२ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.८.९ को क्रियाकलाप नं. २.७.१३.१३ बुँदा नं. ९.५ विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापनको (ग) अनुसार छनोट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ट ६ लाख ५० हजारका दरले अनुदन दिने व्यवस्था छ । पालिकाले कार्यन्वयन पुस्तिका उल्लेख भए अनुसार रु. ६५००००।– छनोट भएका विद्यालयहरुलाई अनुदान दिनुपर्नेमा सिन्धु ईन्जिनियरिङ प्रा.लि., काठमाडौँलाई Smart Board 75 inch 1 थान र laptop Dell i5 8 थान खरिद गरे वापत रु. ८१८०००।– भुक्तानी दिएकोमा बढी भुक्तानी भएको रु. १६८०००।– असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,६८,००० |
|---|---|

६०.९ **नमूना विद्यालय** - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ को बुँदा नं. ९.८ नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन अनुदान यस निर्देशिकाको अनुसूची १० को खण्ड "क" "ख" "ग" र "घ" मा उल्लेख भएका विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वियन योजना अनुसार उल्लिखित सम्पन्न गर्नुपर्ने भौतिक निर्माणका लागि खण्ड "क" मा उल्लिखित विद्यालयले भौतिक पूर्वाधार निर्माण कार्यका लागि बजेट विनियोजन नरहेकाले निर्माणाधीन अवस्थामा भए सो सम्पन्न गर्ने र तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्ने भौतिक पूर्वाधार विकासका लागि बिनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाउने । अनुदान उपलब्ध गराएको रकम विद्यालयको गुरु योजना अनुसार खर्च गर्ने । विद्यालयले सम्झौता अनुरुप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने । स्थानीय तहबाट नमुनाका लागि छनोट भएका विद्यालयहरुमा जीव विज्ञान, रसायन विज्ञान तथा भौतिक विज्ञानको अध्ययन विज्ञानको अध्ययन अवसर सुनिश्चित गर्ने व्यवस्था छ। पालिकाले नमुना विद्यालय अन्तर्गत श्री ऐसेलु खर्क विद्यालयलाई यस वर्ष रु. २९६२४१४।– भुक्तानी दिएकोमा देहाय अनुसार खर्च गरेको देखिन्छ । साथै पुस्तिकामा उल्लिखित जीव विज्ञान, रसायन विज्ञान तथा भौतिक विज्ञानको अध्ययन विज्ञानको अध्ययन अवसर सुनिश्चित गरेको समेत पाइएन । विद्यालय सुधार अन्तर्गत नपर्ने विद्यालयले देहायको शिर्षक मध्ये साउन्ड सिस्टम व्यवस्थापनमा रु. ५०४२७९।- मापदण्ड विपरित खर्च गरेको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| कार्यक्रम | खर्च रकम |
|---|---|
| होस्टेल व्यवस्थापन खर्च | ५१०४०० |
| शिक्षक कर्मचारी व्यवस्थापन तलब | ७५०११२ |
| विद्यालय अतिरिक्त क्रियाकलाप | २०२५१५ |
| साउन्ड सिस्टम व्यवस्थापन | ५०४२७९ |
| विद्यालय प्रयोगशाला भौतिक व्यवस्थापन | ९७४४७३ |

| असुल गर्नुपर्ने | ५,०४,२७९ |
|---|---|

६०.१०(१०४-२०८१-२-३):

**प्राथमिक पुस्तक छपाई** - क्रियाकलाप नं. २.७.१३.४९ कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपद् समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रमको बुँदा नं. ८ अनुसार विद्यालयले सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइका लागि गरिएका क्रियाकलापको प्रगति प्रतिवेदन मासिक रुपमा र विद्यार्थीको सिकाइ उपलब्धि वृद्धिको अवस्थाको प्रतिवेदन त्रैमासिक रुपमा केन्द्रमा पठाउने उल्लेख छ । पालिकाले भुँडीपुराण प्रकाशन प्रा.लि.लाई मिति २०८०।१२।२२ मा पूर्व प्राथमिक तथा प्राथमिक कक्षा अभ्यास पुस्तक ८५८ वटा रु. ४९०।- का दरले रु. २१०२१।- छुट गरी रु. ३९९३९९।– भुक्तानी गरेको छ । छपाई गरेको प्राथमिक तथा प्राथमिक कक्षा अभ्यास पुस्तिका लेखापरीक्षणको क्रममा ६४१ वटा विद्यालयलाई वितरण गरेको भरपाई पेश भई २१७ वटा बाँकी मौज्दात रहेको पालिकाले जानकारी गराएको छ । २०८१ सालको IEMIS विवरण जाँच गर्दा पूर्व प्राथमिक तहका जम्मा विद्यार्थी ५३२ जना मात्र रहेको देखिन्छ । जस अनुसार ३२६ वटा बढी पाठ्यपुस्तकको रु. १५९७४०।– बढी खर्च भएको पालिकालाई थप आर्थिक भार परेको छ। पालिकाले यस्तो किसिमको खर्च गर्दा मौज्दात नरहने गरी छपाई गर्नुपर्दछ । साथै कार्यन्वयन पुस्तिका उल्लेख भए अनुसार द्रुत सिकाइका लागि गरिएका क्रियाकलापको प्रगति प्रतिवेदन मासिक रुपमा र विद्यार्थीको सिकाइ उपलब्धि वृद्धिको अवस्थाको प्रतिवेदन त्रैमासिक रुपमा केन्द्रमा नपठाएकोले सो प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९९,३९९ |

६१ **शिक्षातर्फ**

शिक्षातर्फ देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः

६१.१ **अतिरिक्त कक्षा सञ्चालन** – पालिकाले आर्थिक वर्ष २०८०।८१ को बजेट कार्यक्रम अनुसार अतिरिक्त कक्षा सञ्चालनका वडाहरुमार्फत बजेट विनियोजन गरी अतिरिक्त कक्षा सञ्चालनको लागि शिक्षकको थप पारिश्रमिक दिएको छ। पालिकाले विद्यालयको नियमित कक्षाहरुलाई व्यवस्थित बनाई अतिरिक्त कक्षा सञ्चालनको अवस्था नआउन दिनु तर्फ ध्यान जानु पर्दछ । लेखापरीक्षणको क्रममा नमूना परिक्षण गर्दा देहायका विद्यालयहरुमा यसरी अतिरिक्त कक्षा सञ्चालन गर्दा शिक्षकको थप पारिश्रमिक रु. ७३२५००।– दिएको थप व्ययभार पर्न गएको रु.

| भौ.नं. र मिति | विद्यालयको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| ४१८-२०८०।१२।२७ | श्री सिपातीन घले संस्कृत मा.वि | अतिरिक्त कक्षा सञ्चालन | ३००००० |
| ४२९-२०८१।१।६ | श्री सिपातीनधारा जनता मावि | अतिरिक्त कक्षा सञ्चालन | २००००० |
| ५९०-२०८१।३।७ | श्री चण्डेश्वरी मावि | अतिरिक्त कक्षा सञ्चालन | ११२५०० |
| ५७८-२०८१।३।६ | श्री जलेश्वरी आवि | अतिरिक्त कक्षा सञ्चालन | १२०००० |
| जम्मा | | | ७३२५०० |

| | |
|---|---|
| अनियमित भएको | ७,३२,५०० |

६१.२ **विद्यालयको अनुगमन नियमन व्यवस्था** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

**शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको

